आर्थिक तथा प्राविधिक सहयोग : प्रदेश प्रशिक्षण प्रतिष्ठान, नेपालगञ्ज, बाँके लुम्बिनी प्रदेश

# क्षमता विकास योजना

## (२०७९।०८०-२०८१।०८२)



# सैनामैना नगरपालिका

## बुद्धनगर, रुपन्देही,

## २०७८





# दस्तावेज : सैनामैना नगरपालिकाको क्षमता विकास योजना

**Capacity Development Plan Sainamaina Municipality**

**योजनाको अवधि :** आ.व. २०७९/०८० देखि ०८१/०८२ सम्म (३ बर्ष)

**समन्वय :** सुशासन समिति, सैनामैना नगरपालिका

**आर्थिक तथा प्राविधिक सहयोग :** प्रदेश प्रशिक्षण प्रतिष्ठान, नेपालगंज, लुम्बिनी प्रदेश

**सहयोगी संस्था :** रिउनेट कन्सल्टेन्टस् प्रा.लि. काठमाण्डौ, नेपाल

## संक्षिप्त शब्दावली

| संक्षिप्त शब्द | पुर्णरुप |
|---|---|
| आ.ब. | आर्थिक बर्ष |
| आ.यो. | आवधिक योजना |
| का.स. | कार्यपालिका सदस्य |
| गा.स. | गाउँसभा |
| गा.पा. | गाउँपालिका |
| न.पां | नगरपालिका |
| गैसस | गैरसरकारी संस्था |
| जि.स.स. | जिल्ला समन्यय समिति |
| प्र.प्र.अ. | प्रमुख प्रशासकिय अधिकृत |
| प्र.अ. | प्रधान अध्यापक |
| प्रा.लि. | प्राईभेट लिमिटेड |
| प्रा.स. | प्राविधिक सहायक |
| रा.ज. | राष्ट्रिय जनगणना |
| वि.व्य.स. | विद्यालय व्यवस्थापन समिति |
| हे.अ. | हेल्थ असिस्टेण्ट |
| लै.स.स. | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण |
| स्वा.व्य.स. | स्वास्थ्य व्यवस्थापन समिति |

## विषय -सुची


**संक्षिप्त शब्दावली ........ ३**

**परिच्छेद -एक : नगरपालिकाको संक्षिप्त परिचय ........ ६**

१.१ पृष्ठभूमी ........ ६

१.२ जनसंख्या तथा घरधुरीको संख्या ........ ६

१.३ भाषाका आधारमा जनसंख्याको वितरण ........ ७

१.४ धर्मका आधारमा जनसंख्याको वितरण ........ ७

१.५ शैक्षिक संस्थाहरुको विवरण ........ ८

१.६ स्वास्थ्य संस्थाहरु ........ ८

१.७ नगरपालिकाका वडा कार्यालय रहेका स्थानको विवरण ........ ८

१.८ कृषि तथा पशु स्वास्थ्य केन्द ........ ८

१.९ सैनामैना नगरपालिकामा रहेका अन्य सरकारी कार्यालयहरु ........ ९

१.१० संस्थागत तथा मानवीय क्षेत्रमा भएका प्रयासहरु ........ ९

**परिच्छेद-दुई : नगरपालिकाको क्षमता विकास योजना ........ ११**

२.१ क्षमता बिकास योजनाको औचित्य ........ ११

२.२ क्षमता बिकास योजनाको लक्ष्य ........ १२

२.३ क्षमता विकास योजनाका बिशिष्ट उद्देश्यहरु ........ १२

२.४ क्षमता विकास योजना तर्जुमा प्रक्रियामा अबलम्बन गरिएका विधिहरु ........ १२

२.५ क्षमता विकास योजना निर्माणका सिमाहरु ........ १४

**परिच्छेद-तीन : नगरपालिकाको बर्तमान अवस्था विश्लेषण ........ १५**

३.१ नगरपालिकाको साङ्गठनिक अवस्था ........ १५

  ३.१.१ नगरपालिकामा रहेका विद्यमान शाखाहरु ........ १५

  ३.१.२ नगरपालिकाको स्वीकृत दरवन्दीको विवरण ........ १६

३.२ संस्थागत क्षमता स्वमुल्याङ्कनको अवस्था ........ १९

३.३ सैनामैना नगरपालिकाको संस्थागत तथा मानवीय क्षमतामा देखिएका सवल, दुर्बल, अवसर र चुनौतीहरु ........ २२

  ३.३.१ भौतिक स्रोत साधन ........ २३

  ३.३.२ ऐन नियम विधि र प्रणाली ........ २३

  ३.३.३ मानव संशाधन व्यवस्थापन ........ २४

  ३.३.४ मानव संशाधन क्षमता विकास ........ २५

३.४ क्षमता विकासको आवश्यकता ........ २६

३.५ क्षमता विकास प्राथमिकताका आधारहरु ........ २७

**परिच्छेद-चार : नगरपालिकाको क्षमता विकास योजनाका क्षेत्रहरु ........ ३०**

४.१ संस्थागत क्षमता विकास योजना ........ ३०

४.२ सैनामैना नगरपालिकाको संस्थागत क्षमता विकास कार्ययोजना ........ ३१

४.३ मानव स्रोत क्षमता विकास योजना ........ ३५

४.५ आवश्यक स्रोत व्यक्ति तथा संस्थाहरुको रोष्टर ........ ४१

४.६ क्षमता विकास योजना कार्यान्वयन रणनीतिहरु ........ ४२

४.७ क्षमता विकास समन्वय समितिको भूमिका ........ ४२

४.८ क्षमता विकास योजना अनुगमन तथा मुल्याङ्कन ........ ४३

४.९ बजेट प्रक्षेपण ........ ४३

अनुसुची १ : चालु आ.ब.(२०७८।०७९) मा नगरपालिकाको बार्षिक योजनाले समेटेका क्षमता विकास संग सम्बन्धित क्रियाकलापहरु......४५
अनुसुचि २ : सैनामैना नगरपालिकाको क्षमता विकास बार्षिक कार्ययोजना ......४६
अनुसुची ३ : सैनामैना नगरपालिकाको संस्थागत क्षमता विकास लेखाजोखा......४९
अनुसुची ४ : नगरपालिकाको अधिकारको उपयोगको अवस्था......५७
अनुसुची ५ : क्षमता विकास योजना निर्माणको क्रममा अभिमुखीकरण कार्यक्रममा सहभागिहरुको नामावली......६१
अनुसुची ६ : क्षमता विकास योजनाको मस्यौदा प्रतिवेदनमा छलफल कार्यक्रममा सहभागिहरुको नामावली......६२
अनुसुची ७ : क्षमता विकास योजना निर्माणको क्रममा केहि तस्वीरहरु......६३

# परिच्छेद -एक : नगरपालिकाको संक्षिप्त परिचय

## १.१ पृष्ठभूमी

सैनामैना नगरपालिका लुम्बिनी प्रदेशको रुपन्देही जिल्लाको उत्तर पश्चिममा अवस्थित नगरपालिका हो । यो नगरपालिका विश्व शान्तिका अग्रदुत तथा महामानव गौतम बुद्धको जन्मस्थल लुम्विनी देखि करिब १५ कि.मी. उत्तर मनोरम चुरे पहाडको काखमा अवस्थित छ। यस नगरपालिकाको पूर्वमा बुटवल उप-महानगरपालिका, पश्चिममा बाणगंगा नगरपालिका(कपिलवस्तु), उत्तरमा शिवगंगा नगरपालिका-अर्घाखाँची, रैनादेवी छहरा र तिनाउ नगरपालिका-पाल्पा, दक्षिणमा शुद्दोधन, कंचन र गैडहवा नगरपालिका रहेका छन् । साबिकको पर्रोहा र दुधराक्ष गा.बि.स.एक आपसमा गाभिन गई २०७१ साल बैशाख २५ गते सैनामैना नगरपालिका बनेको हो । वि.सं. २०७३ साल फागुन २७ गते राज्यको पुर्नसंरचना पश्चात साबिकको सालझन्डी गा.बि.स. लगायत गाभिन गई वृहत सैनामैना नगरपालिका बनेको हो। सैनामैना नगरपालिकामा ११ वटा वडा रहेका छन् । यो नगरपालिका १६२.१८ बर्ग कि.मि. क्षेत्रफलमा फैलिएको छ । वि.सं. २०६८ सालको राष्ट्रिय जनगणना अनुसार यहाँको जनसंख्या ५५,८२२ रहेको छ भने जनघनत्व ३४४.२ प्रति बर्ग कि.मि. छ। वि.सं. २०७६ सालको स्थलगत सर्बेक्षण अनुसार यहाँको जनसंख्या ६२,६९७ रहेको छ। जनघनत्व ३८६.३३ प्रति बर्ग कि.मि. छ। पूर्व-पश्चिम राजमार्गले मध्य भागबाट उत्तर दक्षिणमा विभाजन गरेको यस नगरपालिकामा आधुनिक र परम्परागत शैलीको मिश्रित मानव वस्ती रहेको छ। नगरपालिका भित्र विभिन्न जातजाती, भाषाभाषी संस्कृति एवं परम्पराको समिश्रण रहेको छ । ऐतिहासिक, धार्मिक, साँस्कृतिक एवं पुरातात्विक महत्व बोकेको सैनामैना क्षेत्र नेपाल सरकारबाट घोषणा भएको नेपालको सयौं पर्यटकीय गन्तव्य मध्ये एक हो । सैनामैना नगरपालिका पनि २०७५ साल कात्तिक १५ गते पर्यटन गन्तव्यको रुपमा घोषणा भएको छ ।

यस नगरपालिकाको दक्षिण भागमा वहुसंख्यक आदिवासी थारु जातिहरुको वसोवास रहेको छ भने उत्तरी भेगमा मिश्रित खालको जातजातीहरुको वसोवास रहेको छ । विभिन्न ऐतिहासिक, धार्मिक, साँस्कृतिक एवं पुरातात्विक महत्वका स्थलहरु रहेको यो नगरपालिकाको गहनाको रुपमा ऐतिहासिक पुरातात्विक सैनामैना क्षेत्र, स्वंय उत्पत्तिमान शिव ज्योतिलिङ्ग पर्रोहा परमेश्वर बोलबमधाम, मलमला मन्दिर, मलमल चौरा बाबा, महेरवादेवी, बोलबम पर्यटकीय पार्क, विभिन्न मठ मन्दिरहरु, रानी कुवा, रानीबगिया, जलैया सिमसार क्षेत्र आदि छन् । यस नगरपालिकाको अधिकांश क्षेत्र खेतीयोग्य अति उर्बर जमीनले ओगटेको भएपनि पछिल्ला वर्षहरूमा सहरीकरणको प्रभावले जग्गा टुक्रिने क्रम बढेको छ। जङ्गल तथा जलाधार क्षेत्रको कमी नभएको यस नगरपालिका भित्र साना ठूला गरी आधा दर्जन भन्दा बढी खोला/नदीहरू रहेका छन् ।

## १.२ जनसंख्या तथा घरधुरीको संख्या

नगरपालिकाले गरेको घरधुरी सर्वेक्षणमा २०७६ अनुसार यस नगरपालिको कुल जनसंख्या ६२,६९७ रहेको छ भने जम्मा घरधुरी संख्या १५,०६३ रहेको छ। घरधुरी उच्च भएका वडाहरुमा १, ४, ६ र १० रहेका छन् भने कम घरधुरी भएको वडा नं. ७ देखिन्छ। साथै जनसंख्याको चाप उच्च भएका वडाहरूमा वडा नं. १ रहेको छ। वडागत रुपमा जनसंख्याको विवरण तलको तालिकामा उल्लेख गरिएको छ।

तालिका नं. : १ वडागत रुपमा घरधुरी र जनसंख्याको विवरण

| वडा नं. | घरधुरी संख्या | जनसंख्या | | | | |
|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | अन्य | जम्मा | प्रतिशत |
| १ | २२४३ | ४६५१ | ५२८८ | ० | ९९३९ | १५.८५ |
| २ | १०३५ | २६५२ | ३१९४ | ४ | ५८५० | ९.३३ |
| ३ | १३७० | २५७९ | २९७३ | ० | ५५५२ | ८.८५ |
| ४ | १६६२ | २५३५ | २५९२ | १ | ५१२८ | ८.१७ |
| ५ | १५३६ | २३५१ | २३२९ | ३७ | ४७१७ | ७.५२ |
| ६ | १५४० | २७८१ | ३०१८ | ७ | ५८०६ | ९.२६ |
| ७ | ८३३ | ३३२६ | ३६२९ | ० | ६९५५ | ११.०९ |
| ८ | १०९२ | २९०५ | ३४४७ | २ | ६३५४ | १०.१३ |
| ९ | ९७३ | २०१० | १९८८ | १ | ३९९९ | ६.३७ |
| १० | १५३५ | २३०७ | २४८१ | ० | ४७८८ | ७.६३ |
| ११ | १२४४ | १६३६ | १९७३ | ० | ३६०९ | ५.७५ |
| **जम्मा** | **१५०६३** | **२९७३३** | **३२९१२** | **५२** | **६२६९७** | **१००** |

स्रोतः घरधुरी सर्वेक्षण २०७६

## १.३ भाषाका आधारमा जनसंख्याको वितरण

तालिका नं. २ : मातृभाषाको आधारमा जनसंख्याको विवरण

| भाषा | संख्या | प्रतिशत % |
|---|---|---|
| नेपाली | ५५२८३ | ८८.१६ |
| मैथली | ११६ | ०.१८ |
| भोजपुरी | १६४५ | २.६२ |
| थारु | ४४४२ | ७.०८ |
| तामाङ्ग | २४४ | ०.३८ |
| नेवारी | ९०९ | १.४५ |
| मगर | ५२ | ०.०८ |
| गुरुङ्ग | १० | ०.०१ |
| लिम्बु | ३ | ०.००५ |
| **जम्मा** | **६२७०४** | **१००** |

श्रोत : घरधुरी सर्वेक्षण २०७६

## १.४ धर्मका आधारमा जनसंख्याको वितरण

तालिका नं. ३ : धर्मका आधारमा जनसंख्याको वितरण

| धर्म | संख्या | प्रतिशत % |
|---|---|---|
| हिन्दु | ५७४५२ | ९८.९८ |
| बैद्ध | २७५ | ०.४७ |
| क्रिश्चियन | ५२ | ०.०८ |
| ईस्लाम | १३० | ०.२२ |
| किराँत | १३१ | ०.२२ |
| अन्य | २ | |
| **जम्मा** | **५८०४२** | **१००** |

श्रोतःघरधुरी सर्वेक्षण २०७६

## १.५ शैक्षिक संस्थाहरुको विवरण

तालिका नं.४ नगरपालिकामा रहेका शैक्षिक संस्थाहरुको विवरण

| विवरण | सामुदायिक विद्यालयहरु | धार्मिक विद्यालय | निजी विद्यालय | जम्मा |
|---|---|---|---|---|
| आधारभुत तह(वालविकास -५) | १ | - | ३ | ४ |
| आधारभुत(कक्षा-८) | ३ | - | ६ | ९ |
| मा.वि.(कक्षा-१०) | ७ | - | ७ | १४ |
| मा.वि.(कक्षा -१२) | ६ | - | ३ | ९ |
| क्याम्पस | २ | | | २ |
| **जम्मा** | **१९** | **-** | **१९** | **३८** |

## १.६ स्वास्थ्य संस्थाहरु

तालिका नं. ५ नगरपालिकामा रहेका स्वास्थ्य संस्थाहरुको विवरण

| वडा नं. | विवरण | कैफियत |
|---|---|---|
| १ | आधारभुत स्वास्थ्य चौकी | भवन निर्माणधिन |
| ३ | आधारभुत स्वास्थ्य चौकी | भवन निर्माणाधिन |
| ४ | स्वास्थ्य चौकी | आफ्नै भवन |
| ५ | आधाभुत स्वास्थ्य सेवा केन्द्र | " |
| ६ | स्वास्थ्य चौकी | " |
| ७ | शहरी स्वास्थ्य चौकी | " |
| ८ | आधारभुत स्वास्थ्य चाकी | " |
| ९ | आधारभुत स्वास्थ्य चौकी | " |
| १० | आधारभुत स्वास्थ्य चौकी | " |
| ९ | स्वास्थ्य चौकी | " |

## १.७ नगरपालिकाका वडा कार्यालय रहेका स्थानको विवरण

तालिका नं. ६ वडा कार्यालयहरुका स्थानहरु

| वडा नं. | वडा केन्द्र रहेको स्थान | कैफियत |
|---|---|---|
| १ | बनकट्टा | भाडाको भवन |
| २ | उचडिहवा | भाडाको भवन |
| ३ | मुर्गिया बजार | आफ्नै भवन |
| ४ | मुर्गिया बजार | आफ्नै भवन |
| ५ | बुद्धनगर | भाडाको भवन |
| ६ | कलौनी बजार | आफ्नै भवन |
| ७ | देउवापुर | आफ्नै भवन |
| ८ | रामपुर | भाडाको भवन |
| ९ | बासगढी | भाडाको भवन |
| १० | सालझन्डी | आफ्नै भवन |
| ११ | सालझन्डी टुहमुजाक चोक | भाडामा |

## १.८ कृषि तथा पशु स्वास्थ्य केन्द

सैनामैना नगरपालिकामा कृषि तथा पशु स्वास्थ्य सेवाको वितरण केवल नगरपालिकाको वडा नं. ४ मुर्गियामा रहेको देखिन्छ । नगरपालिकाको सबै वडाहरुमा कृषि तथा पशु स्वास्थ्य सेवाको वितरण पुग्न सकेको छैन । हालसम्म नगरपालिकाले कृषि तथा पशु स्वास्थ्यमा आवश्यक कररमा जनशक्तिको व्यवस्थापन गर्न नसकेको अवस्था रहेको छ । सिमित प्राविधिकहरुबाट केवल एक वटा सेवाकेन्द्र बाट मात्र कृषि तथा पशु स्वास्थ्यको सेवा प्रदान गर्दै आईरहेको छ । सबै वडा कार्यालयहरुमा कृषि पशु सेवा केन्द्रको व्यवस्थापन गर्नुपर्ने आवश्यक देखिन्छ ।

## १.९ सैनामैना नगरपालिकामा रहेका अन्य सरकारी कार्यालयहरु

तालिका नं.७ नगरपालिकामा रहेका अन्य सरकारी कार्यालयहरुको विवरण

| क्र.सं. | विवरण | संख्या |
|---|---|---|
| १ | प्रहरी चौकी | २ वटा |
| २ | हुलाक कार्यालय | २ वटा |
| ३ | डिभिजन वन कार्यालय | १ वटा |
| ४ | मुर्गिया विद्युत कार्यालय | १ वटा |

## १.१० संस्थागत तथा मानवीय क्षेत्रमा भएका प्रयासहरु

सैनामैना नगरपालिका राज्यको पुनरसंरचना सँगै साविकका तीन वटा गाउँ विकास समितिहरु (पर्रोहा, दुधराक्ष, सालझन्डी) लाई मिलाई बनेको नगरपालिका हो । स्थानीय तहमा जनप्रतिनिधि आए पश्चात यस नगरपालिकाले नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन २०७४, प्रदेश कानुन तथा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जारी गरेका कानुनहरुको पालना गर्दै सेवा प्रवाह गरिराखेको छ । स्थानीय तहलाई प्राप्त अधिकार र जिम्मेवारीहरुको कार्य सम्पादनमा धेरै चुनौतीहरु पनि छन् । जनताको स्थानीय तह प्रतिको उच्च अपेक्षा र सो अनुसार भर्खरै मात्र संगठन तथा संरचना बन्दै गरेको स्थानीय सरकारको अवस्थालाई हेर्दा कतिपय कमजोर पक्षहरु पनि छन् । यद्यपी समस्याहरु र चुनौतीहरुलाई सामना गर्दै यस नगरपालिकाले स्थानीय सरकारको हैसियत अनुसार आफ्ना जिम्मेबारीहरु पुरा गर्दै आईरहेको छ । संविधानले तोकेको अधिकार सहित पहिचान दिएको स्थानीय तहमा पहिलो पटक निर्बाचित जनप्रतिनिधिहरुले पहिलो कार्यकाल सम्पन्न हुदै गरेको अवस्था छ । नगरपालिकाले सेवा प्रवाहका लागि गरेका प्रयासहरु संस्थागत विकासका लगि आफैमा पुर्ण र प्रयाप्त छैनन् । समयको निरन्तरता सँगै नगरपालिकाको कार्य सम्पादन क्षमता परिमार्जन तथा परिस्कृत गर्दै जानुपर्ने हुन्छ । यस सन्दर्भमा सैनामैना नगरपालिकाकाले हाल सम्म कानुन प्रदत्त जिम्मेबारीहरु सम्पादन गर्दा संस्थागत तथा मानवीय क्षमता सँग सम्बन्धित कार्यहरु सम्पादन गरेको पनि देखिन्छ । खासगरि यस नगरपालिकाकाले विकास व्यवस्थापन, शासकीय प्रवन्ध, संगठन तथा सुशासनका क्षेत्रमा गरेका केही कार्यहरुलाई बुँदागत रुपमा तल उल्लेख गरिएको छ ।

- नगरपालिकाले विकास व्यवस्थापन तथा शासकीय प्रवन्धसंग सम्बन्धित हाल सम्म ३० वटा ऐन तथा ४७ वटा कार्यविधि, नियमावली र निर्देशिकाहरु जारी गरेको छ ।
- तोकिएको प्रक्रिया र पद्धति अनुसार बार्षिक योजना तथा कार्यक्रमहरुको सम्पादन भएको ।
- नगरपालिकाले स्थानीय गौरबका योजनाहरुको सञ्चालन ।
- नगरपालिकाका सबै ११ वटै वडाबाट सेवा वितरण ।
- नगरपालिकाका १० वटा वडामा स्वास्थ्य सेवा वितरण ।
- सैनामैना नगरपालिकामा करार कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि लागु भएको ।
- हाल सम्म पनि संगठन तथा व्यवस्थापन सर्बेक्षण प्रतिवदन तयार नभएको ।
- सबै वडा कार्यालयमा कर संकलन कम्प्युटर सप्टवेयर प्रणालीको उपयोग भएको ।
- विपद व्यवस्थापन ऐन २०७६ र विपद कोष निर्माण तथा परिचालन ।
- कृषिको व्यवसायीकरण तथा लघु उद्यम विकास विकासमा प्रोत्साहन पुग्ने नीति तथा कार्यक्रमहरु ।

- वडास्तरबाट सम्पादन हुने पंञ्जीकरणको कार्य अनलाईन प्रक्रिया शुरुवात भएको ।
- सामाजिक सुरक्षा भत्ता बैङ्क मार्फत विवरण गर्ने कार्य भएको ।
- सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर अभिबृद्धि तथा बार्षिक रुपमा १००० जना विद्यार्थी संख्या बृद्धि ।
- विद्यालयमा गुणस्तरीय तथा प्रविधि मैत्री शिक्षण सिकाईको प्रारम्भ भएको ।
- शिक्षा तथा स्वास्थ्य क्षेत्रको विकास नीति तथा बार्षिक कार्यक्रमहरु सञ्चालन गरीएको छ ।
- संस्थागत स्वमुल्याङ्कन प्रावधानको अबलम्बन गर्दै आईरहेको र कार्यसम्पादन अभिबृद्धि हुँदै गएको ।
- नगरपालिकाको आन्तरिक राजस्व बृद्धि गर्दै लैजानु ।
- जिल्ला समन्वय समिति, प्रदेश सरकार तथा संघीय सरकार सँग समन्वय तथा सहकार्य ।
- गैह्रसरकारी संस्थाहरुसँगको सहकार्यमा विकास प्रवर्द्धन ।
- बार्षिक आय ब्ययको आधारमा बार्षिक बजेट निर्माण गर्ने कार्य भएको ।
- न्यायीक समितिका सदस्य तथा मेलमिलापकर्ताहरुलाई तालिम प्रदान गरीएको ।
- सबै वडा कार्यालयहरुमा टोल विकास संस्था गठन तथा परिचालन भएको ।
- लेखा ब्यवस्थापनका लागि SUTRA प्रणालीको उपयोग ।
- मर्मत सम्भार कोषको ब्यवस्था ।
- नगरपालिकाकाको पार्श्वचित्र तथा आवधिक योजनाको यसै आर्थिक बर्षमा निर्माण
- विपद ब्यवस्थापन नीति अवलम्बन ।
- कर्मचारी कल्याण कोष, अवकास कोषको ब्यवस्था ।
- नगर प्रहरीको ब्यवस्था ।
- नगर क्षेत्रका जेहन्दार विद्यार्थीहरुलाई प्राविधिक शिक्षा अध्ययनमा लगानी ।
- कृषिको ब्यवसायिकरण तथा कृषकहरुलाई अनुदानको ब्यवस्था ।
- खानेपानी विस्तार तथा सुधार ।
- फोहर ब्यवस्थापनमा अन्तर स्थानीय सरकारका वीचमा समन्वय र सहकार्य ।
- विपद ब्यवस्थापन दमकल सेवाका लागि अन्तर स्थानीय सरकारका बीचमा सहकार्य ।
- वडा कार्यालयहरुको भवन निर्माण ।
- १५ शैयाको अस्पताल निर्माणाधीन ।
- पर्यटन प्रवर्द्धन तथा ऐतिहासिक विषयहरुको संरक्षण ।
- नगरपालिकाको यातायात गुरुयोजना तथा वाहिरी चक्रपथ निर्माणाधीन ।

# परिच्छेद-दुई : नगरपालिकाको क्षमता विकास योजना

## २.१ क्षमता बिकास योजनाको औचित्य

संवैधानिक व्यवस्था अन्तर्गत नयाँ शासकीय संरचना अनुसार स्थापना भएका स्थानीय सरकारहरूलाई विगतमा केन्द्रीय सरकार मातहत रहेका कतिपय विषयगत कार्यालयहरू मार्फत् प्रदान गरिएका सेवाहरूलाई हस्तान्तरण गरिएको छ । यसले गर्दा विगतको स्थानीय निकायहरूको तुलनामा नयाँ संरचना अनुसार स्थापना भएका स्थानीय सरकारहरूलाई वित्तीय स्रोत साधनको अतिरिक्त बढी अधिकार तथा जिम्मेवारी प्राप्त छ । परिवर्तित सन्दर्भ अनुसारको जिम्मेवारी पूरा गर्न स्थानीय सरकारहरूमा उपयुक्त संस्थागत व्यवस्थाको स्थापना, आवश्यक कर्मचारीहरू प्राप्ती तथा प्राप्त अधिकार क्षेत्रमा सेवा प्रदान तथा विकासका लागि योजना तर्जुमा तथा कार्यान्वयनमा निरन्तर सुधार ल्याउन जरूरी हुन्छ । जसका लागि स्थानीय सरकारको विद्यमान क्षमताको अध्ययन तथा विश्लेषणको आधारमा योजना तर्जुमा गरी कार्यान्वयन गर्दै जानुपर्ने हुन्छ ।

संघीय गणतान्त्रिक नेपालमा तीन तहका सरकारहरु संघ, प्रदेश पछि स्थानीय जनताको घर नजिकको सेवा वितरण गर्ने सरकारको रुपमा स्थानीय सरकार रहेको छ। नेपालको संविधान २०७२ ले स्थानीय सरकारलाई एकल तथा साझा अधिकार र जिम्मेबारी प्रदान गरि स्थानीय जनताको घरदैलोमा प्रभावकारी सेवा वितरणको परिकल्पना गरेको छ। त्यसैगरि स्थानीय सरकारको थप प्रभावकारी सञ्चालनको लागि छाता ऐनको रुपमा *स्थानीय सरकार सञ्चालन ऐन २०७४* जारी भएको छ। यस अर्थमा स्थानीय तहहरुले प्राप्त जिम्मेबारी र भूमिकाको निर्वाह गर्न जवाफदेहितालाई दिगो ढंगले वहन गरि प्रभावकारी र परिणाममुखी हुनु आवश्यक छ। यस सन्दर्भमा स्थानीय सरकारको क्षमता (संस्थागत तथा मानव संशाधन ) समय सापेक्ष अनुसार सुधार हुनुपर्दछ। मानवीय सीप र क्षमताको अधिकतम उपयोग नगरिकन स्थानीय सरकारबाट सम्पादन हुने कार्यहरु परिणाममुखी बनाउन सकिदैन। त्यसर्थ संस्थागत क्षमताको निरन्तर तथा दीर्घकालीन रुपमा क्षमता विकास प्रक्रिया अगाडि बढी राख्नु पर्दछ । स्थानीय सरकारद्वारा प्रवाह गरिएका सेवा, सुविधा तथा वस्तु आमनागरिकका अपेक्षा र चाहना अनुरूपका हुन सकेनन् भने त्यसले जननिर्वाचित प्रतिनिधि र कर्मचारी संयन्त्र प्रति विश्वसनीयता घट्नुका साथै राज्य र व्यवस्था प्रति पनि नागरिकहरूमा नैराश्यता बढ्छ। यसर्थ, सबै स्थानीय सरकारले मानव संशाधन, विधि र कार्य प्रणाली तथा संस्थागत क्षमताको क्रमिक रूपमा वृद्धि गरी नागरिक प्रति पूर्ण रूपमा उत्तरदायी स्थानीय सरकारको रूपमा काम गर्न आवश्यक देखिन्छ।

स्थानीय सरकार सञ्चालन ऐनको दफा ११४ बमोजिम संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय सरकारहरुको संस्थागत तथा मानवीय संशाधनको क्षमता अभिबृद्धि गर्ने कार्यका लागि “क्षमता विकास योजना तर्जुमा दिग्दर्शन २०७६” जारी गरेकोछ । उक्त दिग्दर्शनको मर्म र भावना अनुसार स्थानीय सरकारले जिम्मेबारी लाई थप प्रभाकारी बनाउन क्षमता विकास योजना तथा कार्ययोजना निर्माण गरि व्यवहारिक रुपमा लागु गरिनु आवश्यक देखिन्छ। स्थानीय सरकारलाई आवश्यकतामा आधारित क्षमता विकास योजना तर्जुमा गर्न तथा उक्त योजनाको कार्यान्वयनबाट नागरिकहरूका लागि मितव्ययी तरिकाले गुणात्मक सेवा प्रदान गर्न सहज होस् भन्ने अभिप्रायका साथ तयार पारीएको स्थानीय सरकारको क्षमता विकास योजनाको औचित्य रहेको छ।

नगरपालिकाले स्थानीय विकास, सेवा प्रवाह र सुशासनका लागि सञ्चालित तथा सञ्चालनमा रहेका कार्यक्रमहरुबाट क्षमता विकासका लागि थुप्रै राम्रा प्रयासहरु गरेको पाईन्छ । तर विद्यमान कार्य सम्पादनका प्रयासहरुले मात्र स्थानीय सरकारको

उद्देश्य अपेक्षा गरे अनुसार परिणाम प्राप्त गर्न चुनौती देखिन्छ । नगरको सेवा प्रवाह तथा सुशासन कायम गर्न स्पष्ट र कार्यमुखी क्षमता विकासको रणनीतिको निर्माण तथा कार्यान्वयन चाहिन्छ। यस सन्दर्भमा संघीय सरकारले प्रत्येक स्थानीय तहको बार्षिक रुपमा कार्य सम्पादनको संस्थागत क्षमता स्वमुल्याङ्कन गर्ने प्रावधान लागु गरेको छ। यसरी स्थानीय सरकारका दश वटा विषयगत क्षेत्रहरुका सुचकहरुमा गरिने बार्षिक स्वमुल्याङ्कन र त्यसका परिमाणात्मक अवस्थाका आधारमा कुनै पनि स्थानीय तहको क्षमताको अवस्था आँकलन गरि सो अनुसार कार्य सम्पादन क्षमता विकास नीति तथा रणनीति अवलम्वन गर्नुपर्ने व्यवस्था रहेको छ। अर्कोतर्फ स्थानीय तहमा आर्थिक अनुदानको परिमाण बढ्दै गएको र राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगद्धारा नगरपालिकाको प्रभावकारी कार्य सम्पादन मापनका आधारमा स्थानीय तहहरुलाई अनुदान दिने व्यवस्था पनि हुने भएकोले स्थानीय सरकारहरुले क्षमता विकास योजना बनाई कार्य सम्पादन गर्नुपर्ने आवश्यक देखिन्छ।

## २.२ क्षमता बिकास योजनाको लक्ष्य

यस नगरपालिकाको संस्थागत तथा मानव संशाधन क्षमता अभिवृद्धि मार्फत् विकास व्यवस्थापन तथा सार्वजनिक वस्तु र सेवा प्रवाहलाई प्रभावकारी, गुणस्तरीय र पारदर्शी बनाउने कार्यमा योगदान गर्नु यस क्षमता विकास योजनाको लक्ष्य रहेको छ।

## २.३ क्षमता विकास योजनाका बिशिष्ट उद्देश्यहरु

नगरपालिकाको अधिकार र जिम्मेवारी अनुरुप सेवा वितरणलाई सर्वसुलभ, चुस्तदुरुस्त र प्रभावकारी बनाउन आवश्यक पर्ने सीप, क्षमता र दक्षता अभिबृद्धि गर्नका लागि यस योजनाका विशिष्ट उद्देश्यहरू निम्नानुसार रहेका छन्।

१. नगरपालिकाले योजना तर्जुमा, समन्वय, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन कार्यलाई प्रभावकारी बनाई योजना व्यवस्थापन क्षमतामा सुधार ल्याउने।

२. नगरपालिकाको परिवर्तित भूमिका निर्वाहका लागि सङ्गठनात्मक तथा संस्थागत व्यवस्थामा सुधार गर्नमा सहयोग गर्ने।

३. नगरपालिकाको वित्तीय व्यवस्थापन क्षमतामा सुधार ल्याउने।

४.नगरपालिकाको कार्य सम्पादन प्रकृयामा सुधार ल्याई स्पष्ट तथा छिटो छरिटो बनाउने।

४.नगरपालिकाको आन्तरिक आय बृद्धिमा सहयोग गर्ने।

५. कार्य सम्पादनमा सुधार ल्याउनको लागि आवश्यक भौतिक सुविधा, कार्यालय सुरक्षा, सरसफाई तथा सूचना प्रविधिको उपलब्धतामा अभिबृद्धि गर्ने।

६. कर्मचारीको कार्य शैलीमा सुधार तथा अन्तर सम्वन्धलाई सुदृढ गर्ने।

## २.४ क्षमता विकास योजना तर्जुमा प्रक्रियामा अबलम्बन गरिएका विधिहरु

यस सैनामैना नगरपालिकाको क्षमता विकास योजना तर्जुमा गर्दा सम्बन्धित मुख्य सरोकारवाला पक्षहरु संगको सहभागितात्मक विधिमा आधारित प्रक्रिया अपनाईएको छ। यस नगरपालिकामा विगतका दिनहरुमा कार्य सम्पादन भएका अभ्यास तथा नीति योजना र कार्यक्रमहरुको समिक्षा, मुख्य सरोकारवाला व्यक्तिहरु, जनप्रतिनिधिहरु, कर्मचारीहरु तथा सेवाग्राहीहरुसंगको छलफल तथा नगरपालिकाको संस्थागत क्षमता स्वमुल्याङ्कनको अवस्था लाई आधार बनाई कार्ययोजना निर्माण गरिएको छ। त्यसैगरि संघीय मामिला तथा सामान्य प्रसाशन मन्त्रालयले निर्माण गरेको *"क्षमता विकास योजना तर्जुमा दिग्दर्शन २०७६"* ले निर्दिष्ट गरेको ढाँचा, अनुसुची तथा प्रावधानहरुलाई पनि अनुशरण गरिएको छ। यसका अलावा यो क्षमता विकास योजनामा अवलम्बन गरिएका थप विधिहरुलाई तलका बुँदाहरुमा संक्षिप्त रुपमा उल्लेख गरिएको छ।

### (क) क्षमता विकास योजना तर्जुमा अभिमुखीकरण

सर्वप्रथम सम्बन्धित नगरपालिकाका मुख्य सरोकारवाला (कार्यपालिका सदस्य, सम्बन्धित पालिका शाखाका प्रमुख तथा प्रतिनिधिहरु) को सहभागितामा विज्ञ समुहहरुको सहजिकरणमा क्षमता विकास योजनाको परिचय, औचित्य तथा विधि, प्रक्रियाको बारेमा एक दिने (२०७८ माघ ४ गते) अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको थियो ।

क्षमता विकास योजना निर्माण कार्य समय तालिका अनुसार सम्पन्न गर्न सजिलो होस् र यसको कार्यान्वयनमा पनि सहज होस् भन्ने उदेश्यका साथ क्षमता विकास योजना समन्वय समितिको गठन बारे व्यापक छलफल भएको थियो । उक्त छलफलको निष्कर्षको आधारमा क्षमता विकास योजना निर्माण र कार्यान्वयनको लागि समितिको गठन तथा जिम्मेवारी तोकिएको छ ।

### (ख) सूचना सङ्कलन तथा सर्भेक्षण कार्य

विज्ञ समुहबाट क्षमता विकास योजनासँग सम्बन्धित दस्तावेजहरु जस्तै नेपालको संविधान, स्थानीय सरकार सञ्चाल ऐन, नगरपालिकाको नीति तथा कार्यक्रम, वार्षिक समिक्षा प्रतिवेदन, बार्षिक योजना तथा कार्यक्रम, विगत तीन बर्षको बजेट तथा कार्यक्रम, नगरपालिकाको विद्यमान संगठन तथा संरचना विगत दुई बर्षको संस्थागत स्वमुल्याङ्कनको नतिजा, नगरपालिकाले निर्माण गरेका कानुनहरु, नगर पार्श्वचित्र, राजस्व सुधार योजनाको समेत अध्ययन गरिएको थियो । दस्तावेजको अध्ययनबाट नगरपालिकाको विद्यमान संस्थागत क्षमताको आँकलन गरिएको थियो । अभिमुखीकरण कार्यक्रमको अतिरिक्त सम्बन्धित शाखा तथा सरोकारवाला पक्षहरु सँग क्षमता विकासको बिद्यमान स्थिति र आवश्यकताहरुको बारेमा बृहत् छलफल, विश्लेषण, प्राथमिकीकरण गरिएको थियो । प्राप्त दस्तावेज अध्ययन र छलफल पश्चात क्षमता विकास योजनाले समेट्नु पर्ने विषय वस्तु, सूचना सम्बन्धित नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत, शाखा प्रमुखबाट अनुसुचीमा उल्लेख गरिएको खाँका अनुसारका क्षमता लेखाजोखा फाराम भरि सूचनाहरु प्राप्त गर्ने कार्य गरियो ।

संस्थागत तथा मानवीय क्षमता सँग सम्बन्धित थप जानकारीको सङ्कलन गर्नका लागि नगरपालिका तथा वडा स्तरमा सानो समुह छलफल, मुख्य सूचनादाताहरु सँगको अन्तरवार्ता, वडा कार्यालयहरुको अवलोकन, वडा अध्यक्ष, वडा सचिव तथा नमुना सर्बेक्षणमा परेका सेवाग्राही नागरिकहरुबाट सूचना सङ्कलन गरिएको थियो ।

क्षमता विकास योजनाको लागि अनुमानित लागत तथा बजेटबारे समेत सम्बन्धित पक्षसँग छलफल तथा अन्तरक्रिया गरिएको थियो । क्षमता विकास योजना अनुसार क्षमता विकास कार्यक्रमका लागि यस नगरपालिकाले आन्तरिक रुपमा र बाह्य निकायहरुले समेत गर्न सक्ने योगदानको लेखाजोखा गरी श्रोतको अनुमान तयार पारी सोही आधारमा प्राथमिकता प्राप्त कार्यक्रमहरुलाई यो योजनामा समेटिएको छ ।

### ग) क्षमता विकास योजना दस्तावेज निर्माण तथा प्रस्तुतीकरण

क्षमता विकास योजना तर्जुमाका विधि तथा प्रक्रिया, कार्यक्रम तथा क्रियाकलापहरु, लक्ष्यहरु, श्रोत तथा समय तालिका सहित तोकिएको ढाँचामा मस्यौदा (क्षमता विकास योजना) प्रतिवेदन तयार पारिएको थियो । नगरपालिकाका मुख्य सरोकारवाला पक्षहरु (कार्यपालिका सदस्य तथा शाखा प्रमुख को सहभागितामा मिति २०७८ फागुन १३ गते एकदिने छलफल

तथा सुझाव सङ्कलन कार्यक्रम गरी क्षमता विकास योजनामा समेट्नु पर्ने थप विषयबस्तुहरुलाई समबेश गरी अन्तिम प्रतिवेदन तयार गरियो । सोही अनुरुप अन्त्यमा सुझावहरुलाई समेटी, त्रुटिहरुलाई सच्याउने, छुट भएका विषयवस्तु र क्रियाकलाप समावेश गरी क्षमता विकास योजनालाई अन्तिम रुप प्रदान गरी नगरपालिकाको कार्यपालिका समक्ष प्रस्तुत गरिएको थियो ।

## २.५ क्षमता विकास योजना निर्माणका सीमाहरु

(क) सैनामैना नगरपालिकाको क्षमता विकास योजना नगरपालिकाका निर्वाचित जनप्रतिनिधिहरु, कार्यरत कर्मचारी, विषयगत शाखा र केही सेवाग्राहीसँगको छलफल र अन्तरक्रियाबाट तयार पारिएको छ, । नगरपालिका सँग अन्य प्रत्तक्ष तथा परोक्ष रुपमा सरोकार राख्ने समुहका विचारहरु नसमेटिएको हुन सक्छ ।

(ख) विद्यमान स्थानीय सरकार सञ्चालन ऐन, नगरपालिकाका अन्य ऐन, नियम, कार्यविधि र स्थानीय तह सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धि आदेशका आधारमा तयार गरिएको तर कतिपय कानूनहरु नयाँ बन्ने क्रममा पनि रहको हुँदा अन्य धेरै महत्वपूर्ण विषय छुटेका हुन सक्छन् ।

(ग) नगरपालिका भित्रका कतिपय प्रतक्ष्य तथा अप्रतक्ष्य सरोकार राख्ने समुह, सामुदायिक संस्था, नागरिक समाज तथा अन्य संघसंस्थाहरु सँग समय र स्रोतको सिमिततताका कारणले प्रयाप्त छलफल सुझावको अभाव रहन सक्ने ।

(घ) नगरपालिकाको क्षमता विकास योजनालाई कार्यान्वयन गर्न संघ, प्रदेश एवम् विकास साझेदारबाट आर्थिक, प्राविधिक सहयोगको अपेक्षा गरिएको छ ।

(घ) योजना कार्यान्वयनका लागि श्रोत साधनको आंशिक मात्रामा यथार्थ यकिन भएको अवस्थामा योजना तयार गरिएको हुँदा कार्यान्वयनमा श्रोत साधनको उपलब्धता र खर्च व्यवस्थापनमा जोखिम रहन सक्छ ।

(ङ) नयाँ प्रस्तावित कार्य विभाजन नियमावलीलाई आधार मानी शाखागत कार्य विवरण तयार गरिने हुँदा विद्यमान शाखागत कार्य क्षेत्रमा भिन्नता देखिन सक्छ ।

# परिच्छेद-तीन : नगरपालिकाको बर्तमान अवस्था विश्लेषण

## ३.१ नगरपालिकाको साङ्गठनिक अवस्था

सैनामैना नगरपालिकाको गठन पहिलो चरणमा साबिकका पर्रोहा र दुधराक्ष गाविस लाई एक अपसमा समायोजन गरि वि.स. २०७१ साल बैशाखमा स्थापना भएको हो । वि.स.२०७३ साल फागुनमा राज्यको पुर्नसंरचना सँगै साबिकको सालझन्डी गाविसलाई समेत समेटी बृहत सैनामैना नगरपालिकाको रुपमा परिणत भएको हो । राज्यको पुर्नसंरचना सँगै नवगठित स्थानीय तह भएको सन्दर्भमा यस नगरपालिकाको सांगठनिक संरचना निर्माणको क्रममा नै रहेको छ । यो नगरपालिकाले विद्यमान संरचना भित्र पालिकाको केन्द्र र आफ्ना ११ वटा वडा कार्यालयहरुबाट सेवा प्रवाह गरिराखेको छ। नगरपालिकालाई प्रचलित कानुनले तोकेको कार्य जिम्मेवारी, यसले हासिल गर्न खोजेका दीर्घकालीन लक्ष्यहरू एवम् यसबाट नगरपालिका बासीहरूले राखेका अपेक्षाहरू पूरा गर्न हाल नगरपालिकाले विद्यमान संगठन तथा संरचनबाट कार्य सम्पादन गरेको पाईन्छ । हाल यस नगरपालिकामा रहेको जनसंख्याको विवरण, सेवाग्राहीको माग, भौगोलिक फैलावट कार्य सम्पादनको जिम्मेबारीलाई मध्यनजर गर्दा मौजुदा संगठन संरचना अप्रयाप्त देखिन्छ। पुर्नसंरचना पश्चात निर्वाचित जनप्रतिनिधिहरुको पहिलो कार्यकाल सकिदै लाग्दा पनि विविध कानुनी तथा स्रोत साधनको सिमितताका कारणले हाल सम्म पनि स्पष्ट संगठन तथा संरचनाको ब्यवस्थापन हुन नसकेको अवस्था देखिन्छ ।

स्थानीय सरकारले प्राप्त जिम्मेबारी र वितरण गर्नुपर्ने सेवा सुविधालाई मध्यनजर गर्दा कुनै पनि स्थानीय सरकारको संस्थागत क्षमताको आँकलन विद्यमान साङ्गठनिक स्वरुप र ब्यवस्थापनमा भर पर्दछ। सङ्गठन संरचनाकै आधारमा कर्मचारीहरू परिचालन हुने र कर्मचारीहरू मार्फत नै सङ्गठनले सेवा प्रवाह गर्न सक्ने हुँदा सङ्गठनका क्रियाकलापहरूलाई दिशानिर्देश गर्नमा सङ्गठन संरचनाले महत्वपुर्ण भूमिका खेलेको हुन्छ । यस सैनामैना नगरपालिकाको साङ्गठनिक संरचना परिमार्जन गर्दै आईरहेको देखिन्छ । नयरपालिका भित्र रहेका प्रशासनिक इकाई, शाखा, उपशाखाहरुको स्पष्ट कार्य विवरण संगठन तथा ब्यवस्थापन सर्बेक्षण हाल सम्म सम्पादन भएको छैन । विद्यमान सङ्गठन स्वरूप, दरबन्दी, कार्यबोझ, जनशक्ति विकासको अवस्था र आन्तरिक स्रोत परिचालनको अवस्था स्पष्ट रहेको देखिदैन । यद्दपी नगरपालिकाले साविकका गाविस बाट विद्यमान जनशक्ति, समायोजन भई आएका कर्मचारी तथा करार कर्मचारीहरुको कामचलाउ तरिकाबाट कार्य सम्पादन गरिराखेको अवस्था देखिन्छ ।

### ३.१.१ नगरपालिकामा रहेका विद्यमान शाखाहरु

यस नगरपालिकाको विद्यमान सांगठनिक संरचनालाई अवलोकन गर्दा नगरपालिका स्थापना हुँदाका बखत संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सिफारिस गरेको संरचना अनुसार नै हाल सम्म कार्य सम्पादन भएको देखिन्छ । नगरपालिकामा जनसंख्याको अवस्था, सेवाग्राहीको चाप, नगरपालिकाको अधिकार र जिम्मेबारी अनुसार कार्य सम्पादन गर्नुपर्ने दायित्व अनुसार हालको संरचना अप्रयाप्त रहेको देखिन्छ । साविकका गाविसबाट समायोजन भएका कर्मचारी तथा हाल विभिन्न निकायबाट समायोजन भएका विभिन्न विषयगत कार्यालयका कर्मचारीहरुबाट कार्य सम्पादन भईरहेको देखिन्छ । कतिपय कानुनी तथा नीतिगत अस्पष्टताका कारणबाट पनि नगरपालिकाको स्पष्ट संगठन तथा ब्यवस्थापन सर्बेक्षण हाल सम्म पनि बनाउन सकेको छैन । हाल यस नगरपालिकामा रहेका शाखा तथा सचिवालयको विवरण निम्नानुसार रहेको छ ।

तालिका नं.८ : नगरपालिका विद्यमान शाखा तथा सचिवालयहरु

| क्र.सं | विवरण | क्र.सं. | विवरण |
|---|---|---|---|
| १ | प्रशासन शाखा | १० | आन्तरिक लेखा परीक्षण नियमन शाखा |
| २ | आर्थिक प्रशासन शाखा | ११ | पशु विकास शाखा |
| ३ | राजस्व शाखा | १२ | कृषि विकास शाखा |
| ४ | योजना शाखा | १३ | महिला बालवालिका शाखा |
| ५ | पुर्वाधार विकास शाखा | १४ | जिन्सी शाखा |
| ६ | आर्थिक विकास शाखा | १५ | पंञ्जिकरण शाखा |
| ७ | शिक्षा शाखा | १६ | न्यायीक सचिवालय |
| ८ | स्वास्थ्य शाखा | १७ | नगर प्रमुखको सचिवालय |
| ९ | भूमी ब्यवस्था तथा भवन नियमन शाखा | १८ | वडा कार्यालयहरु |

### ३.१.२ नगरपालिकाको स्वीकृत दरवन्दीको विवरण

तालिका नं ९: नगरपालिकाको स्वकृत दरबन्दी अनुसार विवरण

| क्र.स. | शाखा | पद | तह | सेवा | समुह | मन्त्रालय बाट स्वीकृत दरबन्दी | नगरको दरबन्दी | खुद कायम दरबन्दी | कै. |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | कार्यालय प्रमुख | प्रमुख प्रशासकीय अधिकृत | उपसचिव | प्रशासन | सा.प्र. | १ | | १ | |
| २ | नगर प्रमुको कार्यकक्ष | सहायक | ४/५ | प्र. | सा.प्र. | १ | | १ | |
| ३ | शिक्षा शाखा | अधिकृत | ९/१० | शिक्षा | शि.प्र. | १ | | १ | |
| ४ | ,, | ,, | ७/८ | ,, | ,, | १ | | १ | |
| ५ | ,, | प्रा.स. | ५ | ,, | ,, | १ | | १ | |
| ६ | योजना | सि.डि.ई | ९/११ | इन्जि. | सिभिल | १ | | १ | |
| ७ | ,, | इन्जिनियर | ६ | ,, | ,, | १ | १ | २ | |
| ८ | ,, | सब ई. | ५ | ,, | ,, | १ | १ | २ | |
| ९ | ,, | अ.स.ई. | ४ | ,, | ,, | १ | ३ | ४ | |
| १० | नक्शा तथा भूमि ब्यवस्था | इन्जिनियर | ६ | ,, | आर.टि.टेक | १ | | १ | |
| ११ | ,, | सब ई. | ५ | ,, | सिभिल | १ | १ | २ | |
| १२ | ,, | सर्वेक्षक | ५ | ,, | सर्भे | १ | | १ | |
| १३ | ,, | अमिन | ४ | ,, | सर्भे | १ | १ | २ | |
| १४ | आर्थिक प्र. | लेखा अधिकृत | ७/८ | प्रशासन | लेखा | १ | | १ | |
| १५ | ,, | लेखा सहायक | ५ | ,, | ,, | १ | | १ | |
| १६ | ,, | ,, | ४ | ,, | ,, | १ | | १ | |
| १७ | आ.ले.प. | अधिकृत | ६ | प्र. | लेखा | १ | | १ | |
| १८ | कम्प्युटर अपरेटर | सहायक | ५ | विविध | विविध | १ | १ | २ | |
| १९ | ,, | सहायक | ४ | ,, | ,, | २ | १ | ३ | |
| २० | जिन्सी शाखा | सहायक | ४/५ | प्रशासन | सा.प्र. | १ | | १ | |
| २१ | राजश्व | अधिकृत | ६ | प्रशासन | सा.प्र. | १ | | १ | |
| २२ | ,, | सहायक | ४/५ | ,, | ,, | १ | | १ | |
| २३ | आर्थिक विकास शाखा | अधिकृत | ६ | प्रशासन | सा.प्र. | १ | | १ | |

| क्र.स. | शाखा | पद | तह | सेवा | समुह | मन्त्रालय बाट स्वीकृत दरबन्दी | नगरको दरबन्दी | खुद कायम दरबन्दी | कै. |
|---|---|---|---|---|---|---|---|---|---|
| २४ | ,, | सहायक | ५ | ,, | ,, | १ | | १ | |
| २५ | स्वास्थ्य शाखा | ज.स्वा.नि. | ७/८ | स्वास्थ्य | ज.स्वा. | १ | | १ | |
| २६ | ,, | प.हे.न. | ५/६ | ,, | क.न. | १ | | १ | |
| २७ | हे.पो.तर्फ | ज.स्वा.नि. /सि.अ.हे.व. | ६ | स्वास्थ्य | स्वास्थ्य | ३ | | ३ | |
| २८ | ,, | सि.अ.न.मी. | ६ | ,, | ,, | २ | | २ | |
| २९ | दुधराक्ष हे.पो. | सि.अ.न.मी. | ५ | ,, | ,, | १ | | १ | |
| ३० | हे.पो.तर्फ | हे.अ. | ५ | ,, | ,, | ६ | | ६ | |
| ३१ | ,, | अ.हे.ब. | ४ | ,, | ,, | ३ | २ | ५ | |
| ३२ | ,, | अ.न.मि. | ४ | ,, | ,, | ३ | | ३ | |
| ३३ | महिला विकास | अधिकृत | १ | विविध | | १ | | १ | |
| ३४ | ,, | सहायक | ४/५ | ,, | | १ | २ | ३ | |
| ३५ | बन वातावरण तथा फोहर मैला ब्यवस्थान | रेन्जर /सहायक | ४/५ | वन | ज.फ. | १ | १ | २ | |
| ३६ | न्यायीक सचिवालय | कानून अधिकृत | ६ | न्याय | कानून | | १ | १ | |
| ३७ | ,, | सहायक | ४/५ | प्र./न्याय | | १ | | १ | |
| ३८ | कृषि शाखा तर्फ | अधिकृत | ७/८ | | | १ | | १ | |
| ३९ | ,, | अधिकृत | ६ | | | १ | | १ | |
| ४० | ,, | सहायक | ५ | | | १ | | १ | |
| ४१ | ,, | सहायक | ४ | | | १ | | १ | |
| ४२ | पशु विकास शाखा | अधिकृत | ७/८ | | | १ | | १ | |
| ४३ | ,, | अधिकृत | ६ | | | १ | | १ | |
| ४४ | ,, | सहायक | ५ | | | २ | | २ | |
| ४५ | ,, | सहायक | ४ | | | २ | | २ | |
| ४६ | वडा कार्यालय तर्फ | सहायक | ५ | प्रशासन /विविध | सा.प्र. म.वि./ क.अ. | ५ | ६ | ११ | |
| ४७ | ,, | ,, | ४ | ,, | सा.प्र.म.वि स.क. अ. | ५ | ३ | ८ | |
| ४८ | ,, | अ.सव. इन्जिनियर | ४ | इन्जि. | इन्जि. | ६ | | ६ | |
| ४९ | ,, | मुखिया | ३ | प्रशासन | सा.प्र. | १ | | १ | |
| ५० | | स.क.अ | ४ | | | २ | १ | ३ | |
| ५१ | | सहयोगी | | | | | ११ | ११ | |
| ५२ | वडा कार्यालय तर्फ | | | | | १९ | २१ | ४० | |
| | | | | | **जम्मा :** | **९७** | **५७** | **१५४** | |

क) नगरपालिकाले आवश्यकता अनुसार करारमा लिनुपर्ने दरवन्दीको विवरण

| आवश्यकता अनुसार करारमा लिई/कार्य गराउन सकिने कर्मचारी | | | | | | मन्त्रालय बाट स्वीकृत दरबन्दी | नगरको दरबन्दी | जम्मा दरबन्दी | |
|---|---|---|---|---|---|---|---|---|---|
| | सूचना प्रविधि अधिकृत | | | | | १ | | १ | |
| | सामाजिक परिचालक | | | | | ३ | | ३ | |
| | अमिन | ४ | | | | | १ | १ | |
| | इलेक्ट्रिसियन | ४ | | | | | १ | १ | |
| | ना.प्रा.स | ४ | | | | १ | | १ | |
| | ना.प.से.प्रा(एक गाउँ एक प्राविधिक तर्फ) | ४ | | | | १ | | १ | |
| नगर प्रहरी | नगर प्रहरी सहायक निरिक्षक | | | | | | १ | १ | |
| | नगर प्रहरी जवान | | | | | | ६ | ६ | |
| | सवारी चालक | | | | | ३ | १ | ४ | |
| कार्यालय तर्फ | का.स. | | | | | ५ | | ५ | |
| | अ.न.मी. | | | | | | ३ | ३ | |
| | का.स | | | | | | ३ | ३ | |
| राजनितिक नियुक्ति | प्रेश संयोजक | | | | | | १ | १ | |
| ,, | कानूनी सल्लाहकार | | | | | | १ | १ | |
| स्थानीय विकास कोष तर्फ | सामाजिक परिचालक | ५ | | | | १ | | १ | |
| | | | | **जम्मा :** | | **१५** | **१८** | **३३** | |

सैनामैना नगरपालिकाको कर्मचारी दरबन्दीको अध्ययन गर्दा प्राविधिक र अप्राविधिक दुवै प्रकृतिका कर्मचारीहरुको दरबन्दी यस कार्यालयमा रहेका छन् । विद्यमान दरबन्दी मान्त्रालयबाट स्वीकृत दरबन्दी अन्तरर्गत कुल ११२ छ भने नगरपालिकाले तत्काल आवश्यक विषयगत क्षेत्रको जनशक्तिको दरबन्दी थप ७५ गरि जम्मा १८७ वटा दरबन्दीको तय गरेको छ । तर नगरपालिकामा हाल मन्त्रालयले निर्धारण गरे अनुसारको दरबन्दी र जनशक्तिको आपुर्ति भएको देखिदैन । नगरपालिकाको दैनिक कार्य सञ्चालनको लागि पालिका तथा वडा कार्यालयमा तथा प्राविधिक, प्रशासनिक तथा श्रेणी विहिन कर्मचारीहरुलाई करारमा व्यवस्थापन गरेको देखिन्छ। नगरपालिकाको मौजुदा शाखा तथा सचिवालयमा र वडा कार्यालयहरुको लागि उपलब्ध दरबन्दी र कार्यरत कर्मचारीको अभाव देखिन्छ । अर्कोतर्फ पालिकाले संगठन तथा व्यवस्थापन अध्ययन सर्बेक्षण हाल सम्म पनि गर्न सकेको छैन । समायोजन भएर आएका कर्मचारीहरुको लागि पनि उपयुक्त कार्य विवरण र जिम्मेबारीको स्पष्टता देखिदैन । उपलब्ध भएका जनशक्ति तथा कर्मचारीहरुको कार्य दक्षता, ज्ञान, सीप अभिबृद्धि गर्ने किसिमका तालीम, अभिमुखीकरण तथा उत्प्रेरणाको अभाव रहेको अनुभव कर्मचारीको रहेको छ ।

त्यसै गरि जिम्मेबारी र कार्यक्षेत्र अनुरुप कार्य सम्पादन, समन्वय र सुपरिवेक्षण अप्रयाप्तता रहेको देखिन्छ । सूचना प्रणाली समय सापेक्ष ढङ्गले सुधार हुन नसकेको कारणबाट सेवा प्रवाहमा कठिनाई, संस्थागत अभिलेखिकरण व्यवस्थापन तथा अद्यावधिक हुन नसकेकोले शाखागत सञ्चारमा पनि कठिनाई देखिन्छ । यस अर्थमा पालिकाको आन्तरिक अनुगमन तथा

मुल्याङ्कन प्रणालीलाई थप प्रभावकारी बनाउनु आवश्यक रहेको छ । नगरपालिकाको सेवा प्रवाहलाई चुस्त दुरुस्त बनाई गुणस्तरीय सेवा प्रदान गर्नका लागि संगठन व्यवस्थापन सर्बेक्षण आधारमा आवश्यक दरवन्दी नगरसभाबाट स्वीकृत गरि मानवीय संशाधनको रिक्ततालाई परिपुर्ति गर्नुपर्ने आवश्यकता देखिन्छ। सैनामैना नगरपालिकाको विद्यमान संगठन संरचना र व्यवस्थापनका क्षेत्रमा देखिएका समस्याहरुलाई निम्न अनुसार उल्लेख गरेको पाइयो ।

- नगरपालिकाको हालको संगठन संरचना साविक गाउँ विकास समितिहरुमा रहेको संरचना र कर्मचारी समायोजन भई आउँदा कायम भएको संरचनाको रुपमा रहको छ।
- नेपाल सरकार मन्त्री परिषद्को मिति २०७४।१२।१४ को निर्णयबाट निर्धारण गरिएको दरवन्दी विवरण र कर्मचारी समायोजना प्रयोजनको लागि सैनामैना नगरपालिकाको लागि निर्धारण गरिएको दरवन्दी तेरिजमा रहेको विवरण फरक फरक रहेको छ। जसले द्विविधा सृजना गरेको छ।
- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्वास्थ्य सेवा तर्फको संगठन संरचना र दरवन्दी बेग्लै तोकेको छ । प्राथमिक स्वास्थ्य केन्द्र स्थानीय तहमा हस्तान्तरण भैसकेको सन्दर्भमा प्रा.स्वा.के.को भने अझै सम्म दरवन्दी निर्धारण गरेको पाइएन ।
- कर्मचारी समायोजन गर्दा मन्त्रालयबाट तयार गरेको संगठन संरचना र दरबन्दी तेरिज उपलब्ध गराएको भएपनि सो अनुसार कर्मचारी समायोजन भएको छैन । एक हिसाबले हालको संगठन संरचना र दरबन्दी संक्रमणकालिन नै रहको छ।
- स्थानीय सरकार सञ्चालन ऐनले नेपाल सरकारबाट एक पटक कर्मचारी समायोजन भै आएपछि त्यसपछि भने स्वयम् नगरपालिका ले संगठन विकास अध्ययन मार्फत दरवन्दी पुनरावलोकन गर्न सक्ने व्यवस्था गरेको छ । तसर्थ नगरपालिकाको कार्यवोझ विश्लेषण गरी नगरपालिकामा समायोजन भएका कर्मचारी र कार्यरत साविकको स्थानीय निकायका कर्मचारीहरुको उचित व्यवस्थापन हुने गरी प्रभावकारी संगठन संरचना तय गर्न जरुरी छ।

## ३.२ संस्थागत क्षमता स्वमुल्याङ्कनको अवस्था

स्थानीय सरकारको कार्य जिम्मेबारी सम्पादनको मुल्याङ्कन गर्ने एउटा महत्वपुर्ण आधार भनेको संस्थागत क्षमताको लेखाजोखा हो। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय सरकारको कार्य प्रक्रिया र उपलब्धीहरुको लेखालोखा गरी सबल र दुर्बल पक्षहरुको पहिचान गर्न संस्थागत क्षमता स्वमुल्याङ्कनको प्रावधान आ.ब. २०७७।०७८ बाट शुरु गरेको छ। जसका लागि स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८० को प्रयोजनको लागि स्थानीय तहको संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि २०७७ जारी गरेको छ। कार्यविधि अनुसार हरेक स्थानीय तहले १० वटा क्षेत्रमा सय वटा सूचकको परिधीमा बसेर स्थानीय तहले आफ्नो मुल्याङ्कन तथ्यमा आधारित भएर स्वयमले गरेका छन। उक्त प्रावधान अनुसार स्थानीय सरकारको दुई आ.ब.को कार्य सम्पादनको नतिजा तथा अवस्था अध्ययन गर्न सकिन्छ। स्वमूल्याङ्कन कार्यविधिमा दसओटा क्षेत्रहरु तोकिएका छन्। जसमा शासकीय प्रवन्ध, संगठन तथा प्रशासन, बार्षिक बजेट तथा योजना व्यवस्थापन, वित्तिय एवम आर्थिक व्यवस्थापन, सार्बजनिक सेवा प्रवाह, न्यायीक कार्य सम्पादन, भौतिक पुर्वाधार, सामाजिक समावेशीकरण, वातावरण संरक्षण तथा विपद व्यवस्थापन र सहकार्य र समन्वयका मुख्य विषय क्षेत्रहरु रहेका छन्। यस स्वमूल्याङ्कन प्रावधानको उद्देश्य स्थानीय तहबाट वितरण गरिने सेवा सुविधाहरुलाई पारदर्शी एवं मितव्ययी र प्रभावकारी बनाउन संस्थागत क्षमता विकासमा सहयोग पुऱ्याउनु रहेको छ।

यस सन्दर्भमा सैनामैना नगरपालिकाको दुई आर्थिक बर्षमा सम्पादन गरेको कार्य प्रगतिको संस्थागत स्वमुल्याङ्कनको अवस्थाको विश्लेषण गरिएको छ। विगत दुई बर्षमा यस नगरपालिकाले संस्थागत स्वमुल्याङ्कन बाट विभिन्न दसओटा उपशिर्षक प्राप्त गरेको नतिजाको समिक्षा तलको तालिका तथा चित्रबाट हेर्न सकिन्छ।

तालिका नं. १० : सैनामैना नगरपालिकाको विगत दुई आ.ब.को संस्थागत क्षमता स्वमुल्याङ्कनको नतिजा

| क्र.सं. | विषय क्षेत्र | कुल अंक | आ.ब.०७६।०७७ प्राप्ताङ्क | आ.ब.०७७।०७८ प्राप्ताङ्क |
|---|---|---|---|---|
| १ | शासकीय प्रवन्ध | ९ | ७ | ७.५ |
| २ | संगठन तथा प्रशासन | ८ | ४.७५ | ५ |
| ३ | बार्षिक बजेट तथा योजना व्यवस्थापन | ११ | ५ | ७.५ |
| ४ | वित्तिय एव आर्थिक व्यवस्थापन | ११ | ७.५ | ८.५ |
| ५ | सेवा प्रवाह | १६ | १०.५ | १२ |
| ६ | न्यायिक कार्य सम्पादन | ७ | ५ | ६ |
| ७ | भौतिक पूर्वाधार | १३ | ८.५ | १०.२५ |
| ८ | सामाजिक समावेशीकरण | १० | ३.५ | ५.७५ |
| ९ | वातावरण तथा विपद व्यवस्थापन | ९ | ५.५ | ६.५ |
| १० | सहकार्य तथा समन्वय | ६ | १.५ | ४ |
| | **कूल जम्मा** | **१००** | **५८.७५** | **७३** |

स्रोतः https://lisa.mofaga.gov.np/report(B.S.2077\78-2078\79)




माथिका तालिका तथा बक्रचित्रबाट सैनामैना नगरपालिकाले विगत दुईवटा आर्थिक बर्षमा गरेको कार्य सम्पादनको स्वमुल्याङ्कनको नतिजाको प्राप्ताङ्क लाई तुलनात्मक रुपमा विश्लेषण गर्न सकिन्छ। दसओटा विषय क्षेत्रको कुल १०० नम्बरको

पुर्णाङ्कमा आ.ब.०७६।०७७ मा ५८.७५ अङ्क प्राप्त गरेको देखिन्छ भने आ.ब.०७७।०७८ मा नगरपालिकाको कार्य सम्पादनको अवस्थामा सुधार भई ७३ अङ्क प्राप्त गरेको देखिन्छ। पछिल्लो बर्षको तुलनामा स्वमुल्याङ्कन नतिजा सुधार हुनुका पछाडि नगरपपालिकाको बार्षिक योजना व्यवस्थापन, भौतिक पुर्वाधार, न्यायीक सम्पादन, समन्वय र सहकार्य तथा सेवा प्रवाह जस्ता क्षेत्रहरुमा सुधार गरेको देखिन्छ। तुलनात्मक रुपमा सैनामैना नगरपालिकाका आफ्नो जिम्मेबारी अनुसारको कार्य सम्पादनका क्रमशः सुधार गर्दै लगेको देखिन्छ। तर प्राप्त कार्य सम्पादनको नतिजा उत्कृष्ट भने होइन यस अवस्थालाई समय सापेक्ष जनताको अपेक्षा र स्थानीय सरकारको जिम्मेबारी अनुसार थप सुधार गर्दै लग्नु पर्दछ। दुबै बर्षको नतिजालाई अध्ययन गर्दा नगरपालिकाले संगठन र प्रशासन, वित्तिय व्यवस्थापन, वातावरण र विपद व्यवस्थापन जस्ता क्षेत्रमा थप प्रभावकारीता अभिबृद्धि गर्नुपर्ने देखिन्छ।

राज्यको पुर्नसंरचना सँगै नवगठित नगरपालिका भएको सन्दर्भमा अवसर र चुनौतीहरु दुबै रहेको देखिन्छ। नगरपालिकामा ११ वटा वडा कार्यालयहरु मध्ये पाँच वटा वडा कार्यालयहरु आफनै भवनबाट सेवा प्रदान गरिराखेका छन् भने, ६ वटा वडा कार्यालयको भवन यसै आर्थिक बर्षमा निर्माण सम्पन्न भई आफ्नै कार्यालय भवनबाट सेवा वितरणको तयारीमा रहेका छन् । नगरपालिकाको कार्य जिम्मेबारीको अवस्था र वडाको आवश्यकता अनुसार जनशक्तिको अभाव जस्ता पक्षले पनि सेवा प्रवाहमा कठिनाई देखिन्छ । स्थानीय तहको योजना तर्जुमा प्रणाली, खर्चको आवश्यकता र राजस्वको क्षमतामा आधारित अनुदान प्रणालीको अभ्यास र समावेशी विकासको अवधारणा पछिल्लो समयको महत्वपूर्ण पक्षहरू हुन् । बढ्दो जिम्मेवारी पूरा गर्नका लागि कर्मचारीको कमी, समसामयिक तालिम, अभिमुखीकरण र प्रोत्साहनको कमी र पालिकाले आफ्नो बढ्दो दायित्वलाई समय सापेक्ष ढंगले संयोजनकारी भूमिका निर्वाह गर्नुपर्ने हुन्छ । नगरपालिकालाई आवश्यक पर्ने कानून (ऐन, नीति, नियम, कार्यविधिहरू आदि) बारेमा धेरैलाई अभिमुखीकरण पुग्न नसकेको, वडा सचिवहरू तथा प्राविधिक कर्मचारीहरूलाई समय सापेक्ष सीप र प्रविधिसंग साक्षात्कार भएको देखिदैन । समग्रमा पालिकाको विगत दुई आ.ब.(२०७५।०७६-२०७६।०७७) मा संस्थागत स्वमुल्याङ्कन नतिजाहरुको आधारमा केही सुचकको समिक्षा तलको तालिकाबाट पनि हेर्न सकिन्छ।

तालिका नं. ११ : सैनामैना नगरपालिका संस्थागत स्वमुल्याङ्कन विषयक्षेत्रका सुचकहरुको लेखाजोखा

| विषय क्षेत्र | कमजोर कार्यसम्पादन भएका सुचकहरु | औषत कार्यसम्पादन भएका सुचकहरु |
|---|---|---|
| शासकीय प्रवन्ध | • आन्तरिक नियन्त्रण प्रणाली<br>• कार्यपालिकाको बैठकको नियमितता | • स्थानीय कानुनहरुको निर्माण<br>• लेखा प्रणालीमा SUTRA प्रणाली<br>• नगरपालिकाको कानुन निर्माण |
| संगठन तथा प्रशासन | • नगरपालिकाको क्षमता विकास योजना तथा लगानी<br>• कर्मचारीहरु संगको कार्य सम्पादन सम्झौता<br>• प्रतिबेदन तथा विवरण प्रेषण<br>• संस्थाको संगठनात्मक तथा व्यवस्थापनको सर्बेक्षण तथा नीति | • आवश्यक जनशक्तिको करार पदपुर्ति<br>• प्रमुख प्रशासकको कार्यालयमा उपस्थिति<br>• विषयगत शाखा तथा जिम्मेबारी |
| बार्षिक बजेट तथा योजना व्यवस्थापन | • दिगो विकासका लक्ष्यहरुको स्थानीयकरण<br>• विषय क्षेत्रगत रुपमा बजेट शिलिङ्ग<br>• गैरसरकारी संस्थाहरुको बजेट तथा कार्यक्रम नगरसभाबाट पारित गर्ने | • बार्षिक बजेट तथा कार्यक्रमहरुको छलफल तथा पारित<br>• आन्तरिक आयको बृद्धि<br>• लागत साझेदारीका लागि बजेट विनियोजन |

| | | |
|---|---|---|
| | • कुल बार्षिक बजेटमा आन्तरिक आयको हिस्सा<br>• लागत साझेदारीका कार्यक्रमहरु | |
| वित्तिय एव आर्थिक व्यवस्थापन | • आय व्ययको विवरण सार्बजनिक<br>• बार्षिक खरिद योजना निर्माण तथा कार्यान्वयन<br>• कार्य सम्पादनको प्रगति समिक्षा<br>• पुँजीगत खर्च | • वित्तिय अनुशासन<br>• आय व्ययको लेखाङ्कन<br>• प्रशासनिक खर्चको आकार<br>• राजस्व संकलन |
| सेवा प्रवाह | • सेवाप्रवाहको मापदण्द<br>• वडाले उपलब्ध गराउने सेवा<br>• सेवा प्रतिको सेवाग्राहीको सन्तुष्टि<br>• कृषि तथा पशु सेवा | • स्थानीय उत्पादनको प्रवर्द्धन<br>• बैंकिङ्ग प्रणालीबाट भुक्तानी<br>• शिक्षामा सबै वालबालिकाको पहुँच<br>• सार्बजनिक सुनुवाई |
| न्यायिक कार्य सम्पादन | • उजुरी फर्छयौट तथा पुनराबेदन | • मेलमिलाप कर्ताको व्यवस्थापन<br>• न्यायिक समितिको प्रतिवेदन प्रणाली<br>• मेलमिलाप केन्द्रको गठन |
| भौतिक पूर्वाधार | • वालमैत्री अपाङ्ग पूर्वाधार<br>• आयोजनाहरुको वातावरण अध्ययन<br>• भवन संहिता र मापदण्ड<br>• फोहरमैला व्यवस्थापन | • सडक विस्तार तथा स्तर उन्नति<br>• बार्षिक योजनाको कार्यान्वयन<br>• खानेपानी सेवा विस्तार<br>• भू उपयोग योजना<br>• सार्बजनिक नीजि साझेदारी<br>• औद्योगिक पूर्वाधार<br>• नगरपालिकाको भवन<br>• सडक यातायात गुरुयोजना अनुसार सडको निर्माण |
| सामाजिक समावेशीकरण | • सामाजिक सुरक्षा तथा संरक्षण<br>• सामाजिक विभेद न्युनीकरणका कार्यक्रमहरु<br>• समानुपातिक सहभागिता<br>• लैङ्गिक समानता बजेट परीक्षण | • सामाजिक विभेद न्युनीकरणमा लगानी<br>• आर्थिक रुपबाट उपेक्षित समुदाय केन्द्रीत कार्यक्रमहरु |
| वातावरण तथा विपद व्यवस्थापन | • वातावरणमैत्री पुर्वाधार<br>• वातावरण प्रदुषण नियन्त्रण<br>• विपद जोखिम परिचालन तथा योजना | • आकस्मीक सेवाको उपलब्धता(एम्बुलेन्स, दमकल)<br>• वातावरण संरक्षणमा बजेट विनियोजन<br>• टोल विकास संस्थाहरुको गठन तथा परिचालन |
| सहकार्य तथा समन्वय | • अन्तर सरकार सँगको समन्वय तथा सहकार्यमा सञ्चालन भएका योजनाहरु | • अन्तर स्थानीय तह साझेदारी<br>• प्रदेश सरकार सँगको समन्वय<br>• जिल्ला समन्वय समिति सँगको समन्वय |

## ३.३ सैनामैना नगरपालिकाको संस्थागत तथा मानवीय क्षमतामा देखिएका सवल, दुर्बल, अवसर र चुनौतीहरु

क्षमता विकास योजनाको निर्माण गर्ने क्रममा नगरपालिकाको विद्यमान अवस्था सवल, दुर्बल, अवसर र चुनौतीहरुको लेखाजोखा गरिएको छ । नगरपालिकाबाट उपलब्ध सूचना तथा कार्य सम्पादन प्रगति विवरण, नीति कार्यक्रममा आधारित भएर विद्यमान अवस्थाको आँकलन गरिएको छ । यस किसिमको विश्लेषणबाट सम्बन्धित नगरपालिकाको क्षमता विकास योजना निर्माणका लागि तथ्यगत आधार प्राप्त भई प्राथमिकताका क्षेत्रहरुको निर्धारण गरिएको छ। स्थानीय सरकारको क्षमता विकासको लेखाजोखा गर्दा विशेष गरि चारवटा मुख्य उपक्षेत्रहरुमा बर्गिकरण गरेर हेर्न सकिन्छ। जुन भौतिक स्रोत साधन, ऐन नियम विधि र प्रणाली, मानव संशाधन व्यवस्थापन र मानव संशाधन क्षमताको विकास पर्दछन् । समष्टिगत रुपमा

उल्लेखित चारवटा क्षेत्रमा प्राप्त सुचना र जानकारीको आधारमा संस्थागत तथा मानवीय क्षेत्रमा देखिएका सबल, दुर्बल तथा अवसरको पहिचान तल उप-शिर्षकहरुमा उल्लेख गरिको छ ।

### ३.३.१ भौतिक स्रोत साधन

स्थानीय सरकारलाई प्राप्त अधिकार र जिम्मेबारी तथा सेवाग्राही नागरिकको अपेक्षा अनुसार जवाफदेहि र जिम्मेबारपुर्ण सेवा प्रदान गर्नको लागि भौतिक स्रोत साधनको आवश्यकता पर्ने हुन्छ । स्थानीय सरकारको भूमिकालाई कम लागतमा प्रभावकारी रूपले कार्य सम्पादन गर्न आवश्यक पर्ने कार्यस्थान, भवन तथा सामाग्री, यन्त्र, उपकरण, औजार, सूचना तथा सञ्चार प्रविधिको व्यवस्था र सोको मर्मत सम्भारको आवश्यकतालाई बुझ्न सकिन्छ । यस सैनामैना नगरपालिकामा स्थलगत सर्वेक्षणका क्रममा गरिएको दस्जाबेजहरुको अध्ययन, अवलोकन तथा सरोकारवाला पक्षहरु संगको छलफलबाट भौतिक स्रोत साधनमा तपशिल अनुसारको अवस्था देखिन्छ ।

| सवल पक्षहरु | दुर्बलता र चुनौतीहरु | अवसर र संभावनाहरु |
|---|---|---|
| • नगरपालिकाको सुविधायुक्त नवनिर्मित मुख्य प्रशासनिक भवनबाट सेवा प्रवाह<br>• ६ वटा वडा कार्यालयहरुको भवन निर्माणाधिन अवस्थामा रहेको<br>• नगरपालिकाका ११ वटै वडाको केन्द्रबाट सेवा वितरण हुनु<br>• पालिकाका ११ वटै वडाबाट स्वास्थ्य सेवा वितरण<br>• १५ शैयाको अस्पताल निर्माणाधीन<br>• पदाधिकारीको यातायात सुविधाको लागि ३ वटा मोटर<br>• पालिकाबाट एम्बुलेन्स सेवा सुचारु<br>• चार बर्षको अवधिमा ९८ कि.मि. सडक कालोपत्रे भएको<br>• पालिकामा बरुण यन्त्रको व्यवस्था, एक वटा टिप्पर रहेको<br>• कर्मचारी र वडा अध्यक्षका लागि १८ वटा मोटरसाईकल को व्यवस्था<br>• ३२ वटा सामुदायिक भवन निर्माणमा नगरपालिकाको सहयोग<br>• विपद व्यवस्थापन कोष, मर्मत सम्भार कोष स्थापना तथा परिचालन<br>• सबै वडा कार्यालयहरुमा विद्युतीय सञ्चार प्रणालीको उपयोग (४९ थान ल्यापटप, ७३ थान डेस्कटप, ११७ थान प्रिन्टर | • सबै वडा कार्यालयहरुमा भौतिक पुर्वाधारको अवस्था अप्रयाप्तता<br>• आवश्यकता अनुसार कार्य सम्पादनको लागि शाखा उपशाखाहरुको कार्यस्थल अभावले गर्दा सेवा वितरणमा समस्या देखिनु<br>• शाखा तथा वडा कार्यालयहरुमा प्रभावकारी सञ्चार प्रणाली, इन्टरनेटको अप्रयाप्तता<br>• सूचना सञ्चार तथा अभिलेखिकरण व्यवस्थापन अझै प्रभावकारी नभएको<br>• कार्यालयका सामाग्री तथा उपकरणहरुको आवश्यकता अनुसार मर्मत सम्भारको अभाव<br>• नगरपालिका लेजारी गरेको पुर्वाधार नीतिको प्रभावकारी कार्यान्वयनको अभाव<br>• भवन संहिता पुर्ण रुपमा पालना नभएको<br>• कृषि तथा पशु स्वास्थ्य सेवा सबै वडा कार्यालयमा नभएको | • वडा कार्यालयको भौतिक अवस्थामा स्तर उन्नति गर्न सकिने<br>• सेवाग्राहीलाई सेवा सुविधाको सहजता तथा पहुँच अभिबृद्धि गर्न सुचना तथा सञ्चार प्रविधिको उपयोग गर्न सकिने, सुचना प्रविधिमैत्री बनाउन सकिने ।<br>• सेवाग्राहीका लागि केन्द्र तथा वडाहरुमा सुचना पाटी, गुनासो व्यवस्थापन, खानेपानी, पार्किङ्ग स्थल, विश्राम स्थल व्यवस्थापनका लागि बजेट विनियोजन गरि काम गर्न सकिने<br>• कार्यालयका सामाग्री तथा उपकरणहरुको आवश्यकता अनुसार मर्मत सम्भारको कोष परिचालन गरि उपयोग<br>• आकस्मीक सेवा प्रवाहलाई विस्तार तथा ब्यबस्थित गर्न सकिने<br>• नगरपालिकाको पूर्वाधार विकास नीतिको ब्यबहारिक कार्यान्वयन<br>• सबै वडा कार्यालयबाट कृषि तथा पशु स्वास्थ्य सेवा वितरण<br>• नगरपालिका स्तरमा सव वाहनको व्यवस्था |

### ३.३.२ ऐन नियम विधि र प्रणाली

कुनै पनि संस्थामा सुशासन प्रवर्द्धनका लागि ऐन नियम विधि र प्रणालीको आवश्यकता पर्दछ । नगरपालिकाको काम कर्तव्य, अधिकार र जिम्मेबारीलाई व्यवस्थित रूपले योजना, सञ्चालन तथा नियन्त्रण गर्न र सबैमा एकै किसिमको बुझाई र व्यवहार हुन आवश्यक छ । यसका लागि आवश्यक नीति, ऐन, नियम, कार्यविधि, आचारसंहिता आदिको तर्जुमा गरी कार्यान्वयनमा

ल्याउन जरूरी हुन्छ । त्यसै गरी, नगरपालिकाबाट सम्पादन गरिने कार्यलाई व्यवस्थित गर्नका लागि कार्य प्रणाली निर्धारण गर्न आवश्यक हुन्छ । कार्य प्रणाली अन्तर्गत कार्य सम्पादन प्रणाली, कार्य वातावरण, सञ्चार, समन्वय जस्ता पक्षहरु पर्दछन । सैनामैना नगरपालिकाको ऐन नियम विधि र प्रणाली लेखाजोखा बुँदागत रुपमा तल उल्लेख गरिएको छ ।

| सवल पक्षहरु | दुर्वलता र चुनौतीहरु | अवसर र सम्भावनाहरु |
|---|---|---|
| • सैनामैना नगरपालिकाले आफ्नो एकल तथा साझा अधिकार क्षेत्रभित्र रहि हालसम्म ७७ वटा कानुन जारी (ऐन-३०, नियमावली-४७)<br>• नगरपालिकाको आधारभुत तथ्याङ्क समेटिएको नगर पार्श्वचित्र निर्माण<br>• आवधिक योजना निर्माणको क्रममा रहको ।<br>• नगरपालिकाको यातायात गुरुयोजना निर्माण भएको ।<br>• सार्बजनिक उत्तरदायित्व सम्बन्धी कार्यविधि<br>• सार्वजनिक खरिद नियमावली २०७६<br>• विपद व्यवस्थापन कोष संञ्चालन कार्यविधि २०७५<br>• राजस्व प्रशासन कार्यविधि<br>• नगरपालिकाको शिक्षा ऐन तथा नियमावली जारी भएको<br>• फोहरमैला व्यवस्थापन ऐन तथा नियमावली<br>• सार्वजनिक नीजि साझेदारी ऐन तथा नियमावली<br>• उपभोक्ता समिति गठन तथा परिचालन कार्यविधि<br>• बिपद व्यवस्थापन तथा बरुण यन्त्र सञ्चालन कार्यविधि | • निर्माण भएका ऐन कानुनहरुको अक्षरस पालनाको अभाव<br>• ऐन कानुनको बारेमा जनप्रतिनिधि तथा कर्मचारीहरुको बुझाईमा एक रुपता नहुनु<br>• कतिपय एकल अधिकारका क्षेत्रमा कानुनहरुको निर्माण हुन नसक्नु<br>• कानुनी दस्ताबेज निर्माणका लागि आवश्यक जनशक्तिको अभाव रहनु ।<br>• साझा अधिकारका क्षेत्रमा प्रदेश सरकारले समयमा नै कानुन निर्माण नगर्नु<br>• निर्माण भएका कानुनहरुको आवश्यक अभिलेखिकरण नहुनु<br>• कर्मचारी तथा निर्बाचित जनप्रतिनिधिहरुको लागि कार्य सम्पादन सम्बन्धी कानुनी व्यवस्थाा स्पष्ट नभएको<br>• विषयगत समितिका सचिवालय व्यवस्थापन सम्बन्धी स्पष्ट नीति तथा नियमको अभाव | • नगरपालिकाबाट जारी भएका ऐन कानुनहरुको पालना<br>• नगरपालिकाले आफ्ना एकल अधिकारका क्षेत्रमा कानुन निर्माण गरि कार्यान्वयन गर्न सक्ने<br>• स्थानीय बस्तुस्थिति, आवश्यकता र कार्य सम्पादनका आधारमा कानुनको निर्माण तथा आफ्नो अधिकार क्षेत्रभित्र लागु गर्न सक्ने<br>• सुशासन ऐन निर्माण<br>• दण्ड र पुरस्कारको प्रावधान<br>• न्यायीक समितिको क्षमता विकास<br>• नगरपालिकाले कानुनी शाखाको स्थापना गरि अभिलेखिकरणमा सुधार गर्न सक्ने<br>• कर्मचारी तथा निर्बाचित जनप्रतिनिधिहरुको लागि कार्य सम्पादन सम्बन्धी कानुनी व्यवस्थाा स्पष्ट गरिनु पर्ने<br>• विषयगत समितिका सचिवालय व्यवस्थापन<br>• प्रभावकारी अभिलेखिकरण<br>• अनुगमन तथा सुपरिबेक्षण कार्यविधि निर्माण<br>• लै.स.स.कार्यविधि निर्माण<br>• नगर शिक्षा योजना निर्माण |

### ३.३.३ मानव संशाधन ब्यवस्थापन

स्थानीय सरकारको क्षमता विकासका लागि आवश्यक संख्यामा सहि क्षमता भएका मानव संशाधन समयमै प्राप्त अनिवार्यता हुन्छ । स्थानीय सरकारको मानव संशाधनमा निर्वाचित पदाधिकारी एवम् निर्दिष्ट भूमिका पूरा गर्न आवश्यक ज्ञान, सीप र धारणा भएका वा हासिल गर्न सक्ने क्षमता भएका कर्मचारीलाई जनाउँदछ । यस अन्तर्गत आवश्यक मानव संशाधन प्राप्तीका लागि गरिने कार्यहरू (संगठन तथा व्यवस्थापन सर्वेक्षण, दरबन्दी निर्धारण, नियुक्ति प्रक्रिया, सरूवा/बढुवा व्यवस्था, जिम्मेवारी निर्धारण, पारिश्रमिक आदि) लाई बुझ्न सकिन्छ । सैनामैना नगरपालिकाको विद्यमान मानव संशाधन ब्यवस्थापनको अवस्थाको अवसर र चुनौतीलाई बुँदागत रुपमा लेखाजोखा गरिएको छ ।

| सवल पक्षहरु | दुर्वलता र चुनौतीहरु | अवसर र सम्भावनाहरु |
|---|---|---|
| • सैनामैना नगरपालिका स्थानीय तहका कर्मचारी व्यवस्थापन ऐन, २०७८ जारी<br>• नगरपालिका बैठक सञ्चालन कार्यविधि २०७४<br>• सैनामैना नगरपालिका स्थानीय तहमा करार जनशक्ति व्यवस्थापन सम्बन्धि कार्यविधि निर्माण गरि लागु गरेको<br>• आकस्मिक कोष तथा जोखिम भत्ता व्यवस्थापन कार्यविधि २०७८<br>• संविधान तथा संघीय ऐनले स्थानीय सरकारलाई प्रदान गरेको अधिकार र जिम्मेबारी अनुसार मानवीय संशाधनको व्यवस्थापन गर्न सकिने<br>• नगरपालिकाले अवलम्बन गरेको सुशासन तथा संस्थागत विकास नीति<br>• प्रत्येक वडामा टोल विकास संस्था गठन तथा परिचालन<br>• कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोष कार्यविधि | • संगठन तथा व्यवस्थापन सर्बेक्षण अध्ययन प्रतिबेदन नभएको<br>• नगरपालिकमा शाखा, इकाई र कार्य जिम्मेबारी स्पष्ट नभएको ।<br>• दरवन्दी अनुसारका प्राविधिक एवं प्रशासनिक जनशक्तिको अभाव<br>• समायोजन भई आएका कर्मचारीहरुको स्पष्ट जिम्मेबारी को अभाव<br>• स्थानीय सेवाबाट आएका कर्मचारीहरुको कार्य उत्प्रेरणा र मनोवल अभिबृद्धि गर्ने योजना( पुरस्कार, दण्ड, ग्रेड बृद्धि, पदोन्नति, सरुवा)को अभाव<br>• कर्मचारीहरुको व्यवसायिक योजनाको अभाव<br>• कर्मचारी संगठनको कार्य सम्पादनको सुपरिबेक्षण अनुगमनको स्पष्ट योजनाको अभाव ।<br>• संगठन संरचना स्पष्ट नभएको<br>• आन्तरिक नियन्त्रण प्रणालीको अभाव | • संगठन तथा व्यवस्थापन सर्बेक्षण समय अनुकुल अध्ययन गरि निर्माण गर्नुपर्ने<br>• शाखा, इकाईहरुको स्पष्ट संरचना तथा कार्य जिम्मेबारी तोक्नु पर्ने<br>• कर्मचारीको स्पष्ट व्यवसायिक कार्ययोजना तथा उत्प्रेरणा संग सम्बन्धित प्रावधानको व्यवस्था गर्न सकिने<br>• कार्मचारीहरुको कार्य सम्पादनको सुपरिबेक्षण कार्यविधि बनाई लागु गर्न सकिने<br>• जनप्रतिनिधि र कर्मचारीहरुका वीचमा अन्तक्रिया, छलफल तथा अभिमुखीकरण बाट सहकार्य र समन्वयलाई थप प्रभावकारी बनाउदै लैजाने ।<br>• नगरपालिकाका शाखा तथा इकाईका वीचमा सञ्चार तथा समन्वय स्थापना<br>• विषयगत समितिका सचिवालयहरुको स्थापना तथा कार्यसञ्चालन<br>• आवश्यक रिक्त दरबन्दी परिपुर्ति<br>• संगठन संरचना स्पष्ट बनाउनु पर्ने |

### ३.३.४ मानव संशाधन क्षमता विकास

स्थानीय सरकारको कार्य सम्पादन प्रभावकारी बनाउने महत्वपुर्ण आधार अन्तरगत मानब संशाधन पनि पर्दछ । मानव संशाधन र क्षमता विकासले स्थानीय सरकारको भूमिकालाई प्रभावकारी रूपमा सम्पादन गर्न विद्यमान मानव संशाधनको ज्ञान, सीप र धारणा (Knowledge, Skill & Attitude) मा गुणात्मक वृद्धि गर्दछ। यस अन्तर्गत स्थानीय सरकारका भूमिका पूरा गर्न जिम्मेवारीमा रहेका जनशक्तिहरू (निर्वाचत पदाधिकारीहरू, कर्मचारीहरू, स्थानीय सरकारसँग प्रत्तक्ष संलग्न भई कार्य गर्ने उपभोक्ता समितिका पदाधिकारीहरू, स्वयम्सेवीहरू आदि) को क्षमता विकास पर्दछ । मानव संशाधन क्षमता विकास अन्तर्गत तालिम, अभिमुखीकरण, अनुशिक्षण (Coaching), अध्ययन अवलोकन, अनुभव र सिकाई आदान–प्रदान जस्ता प्रक्रियालाई क्षमता विकास भनेर बुझ्न सकिन्छ । सैनामैना नगरपालिकाको विद्यमान संशाधन क्षमता विकास सम्बन्धी विद्यमान अवस्थाको अवलोकन तथा अध्ययनबाट गरिएको लेखाजोखा बुँदागत रुपमा उल्लेख गरिएको छ ।

| सवल पक्षहरु | दुर्वलता र चुनौतीहरु | अवसर र सम्भावनाहरु |
|---|---|---|
| • संविधान तथा संघीय ऐनले स्थानीय सरकारलाई प्रदान गरेको अधिकार र जिम्मेबारी अनुसार मानवीय संशाधनको व्यवस्थापन गर्न सकिने<br>• नगरपालिकाले अवलम्बन गरेको कर्मचारी व्यवस्थापन नीति | • नगरपालिका सम्वन्धी ऐन, नियम, कानून, कार्यविधिका बारेमा जनप्रतिनिधि तथा कर्मचारीहरुको अभिमुखीकरणको अभाव<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४, दिर्गदशन, नगरसभा अनुसार गठन भएका समिति उप समितिहरुको कार्यस्थल, | • कार्यपालिका सदस्यको संयोजकत्वमा गठित समिति उप समितिको सचिबालय व्यवस्थापन, अभिमुखिकरण, अनुशिक्षण जस्ता कार्यहरु कार्यान्वयन गर्ने<br>• पालिका भित्रका शाखा तथा समितिहरुका वीचमा आन्तरिक सञ्चार र समन्वय अभिबृद्धि गर्ने संयन्त्रको व्यवस्था गर्न सकिने<br>• विषयगत शाखा वा इकाईमा कार्यरत कर्मचारीहरुको ज्ञान, सीप र दक्षता अभिबृद्धि |

| सवल पक्षहरु | दुर्वलता र चुनौतीहरु | अवसर र सम्भावनाहरु |
|---|---|---|
| • प्रदेश सरकार, प्रदेश प्रशिक्षण प्रतिष्ठान तथा अन्य सहयोगी निकायहरुको सहकार्यमा पालिकाको मानवीय जनशक्तिको क्षमता विकास गर्न सकिने<br>• कर्मचारी कल्याण तथा अवकाश कोषको स्थापना | सचिवालय, अभिमुखिकरण तथा अनुशिक्षणको अभाव<br>• पालिका भित्रका शाखा तथा समितिहरुका वीचमा आन्तरिक सञ्चार र समन्वयको अभाव<br>• विषयगत शाखा वा इकाईमा कार्यरत कर्मचारीहरुको ज्ञान, सीप र दक्षता अभिबृद्धि सम्बन्धि तालिमको अभाव<br>• बार्षिक योजना र बजेटमा जनशक्ति क्षमता विकास गर्ने कार्यक्रमहरुको अभाव<br>• कार्य सम्पादन मुल्याङ्कन विनियमावलीको अभाव<br>• पुरस्कार र दण्ड प्रणालीको अभाव | गरि सेवा प्रवाहलाई प्रभाकारी बनाउनका लागि तालिम, अनुशिक्षण, अध्ययन, अवलोकन सम्बन्धि कार्यक्रमको ब्यवस्था गर्न सकिने<br>• नगरपालिकाको सुशासन ऐन तथा कार्यविधि पालना<br>• जननिवार्चित प्रतिनिधिहरुको कार्य अधिकार र जिम्मेबारी सम्बन्धी अभिमुखीकरण तथा उत्प्रेरणामुलक कार्यक्रमहरु ब्यबहारमा लागु गर्न सकिने<br>• शाखा तथा इकाईमा कार्यरत कर्मचारीको स्पष्ट कार्य विवरण जिम्मेबारी तथा कार्य सम्पादन सम्झौताको प्रावधान<br>• सेवा प्रवेश तथा सेवाकालीन तालिम<br>• कर्मचारीहरुको ब्यवसायिक क्षमता अभिबृद्धि हुने तालिम |

## ३.४ क्षमता विकासको आवश्यकता

नेपालको संविधान, २०७२ ले स्थानीय सरकारलाई ब्यवस्थापकीय, कार्यपालिका र न्याय सम्पादनको अधिकार प्रदान गरेको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अन्तर्गत स्थानीय तहलाई २२ वटा एकल अधिकार र १५ वटा साझा अधिकारको संविधान अनुरुप ब्यवस्था गरेको छ । त्यसैगरी स्थानीय सरकारले खर्चको जिम्मेवारी र राजश्वका स्रोतहरु समेत प्रदान गरेको छ। यस अर्थमा स्थानीय स्तरको समावेशी विकास र शासन प्रक्रियामा समुदाय र नागरिकको सहभागिता सुनिश्चित गर्दै स्थानीय तहमा प्रतिवद्ध, एवम् नेतृत्व विकासको वातावरण र जनताले प्राप्त गर्ने सुविधालाई छिटो, छरितो र प्रभावकारी बनाउनु स्थानीय सरकारको दायित्व भित्र पर्दछ। यसरी स्थानीय सरकारलाई प्राप्त अधिकारको कार्यान्वयन गर्न र सोको संस्थागत विकासका लागि संस्थाको क्षमता विकास अपरिहार्य हुन जान्छ।

संविधान तथा ऐनले स्थानीय सरकारलाई प्रदान गरेको भूमिका अनुरुप जवाफदेहि तथा दिगो ढंगले कार्य सम्पादन गर्नका लागि स्थानीय तहको संस्थागत तथा मानव संशाधन क्षमतामा सुधार ल्याउन आवश्यक छ। यस सन्दर्भमा स्थानीय तहको छाता ऐन स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११४ बमोजिम संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तहको क्षमता विकास योजनाको मार्ग दर्शनको लागि "क्षमता विकास योजना तर्जुमा दिग्दर्शन २०७६" जारी गरेको छ। उक्त दिग्दर्शन अनुसार सैनामैना नगरपालिकाले संस्थागत तथा मानवीय संशाधनको विद्यमान अवस्थाको लेखाजोखा गर्दा सुलभ र गुणस्तरीय सेवा प्रवाह गर्नका लागि पालिकाको कार्य सम्पादन थप प्रभावकारी बनाउन आवश्यक देखिन्छ।

स्थानीय सरकारद्वारा प्रवाह गरिएका सेवा, सुविधा तथा वस्तु आम नागरिकका अपेक्षा र चाहना अनुरूपका हुन सकेनन् भने त्यसले जननिर्वाचित प्रतिनिधि र कर्मचारी संयन्त्र प्रति विश्वसनीयता घट्नुका साथै राज्य र व्यवस्था प्रति पनि नागरिकहरूमा नैराश्यता बढ्छ । यसर्थ, सबै स्थानीय सरकारले मानव संशाधन, विधि र कार्य प्रणाली तथा संस्थागत क्षमताको क्रमिक रूपमा अभिवृद्धि गरी नागरिक प्रति पूर्ण रूपमा उत्तरदायी स्थानीय सरकारको रूपमा काम गर्न आवश्यक छ। संघीयता हाम्रा लागि नौलो अभ्यास भएको र यसको सफल कार्यान्वयनमा स्थानीय तहको योजना तर्जुमाको महत्वपूर्ण भूमिका हुने भएकाले स्थानीय सरकारको क्षमता अभिबृद्धि गरिनु आवश्यक छ । नगरपालिकाको कार्य सम्पादनको अवस्था, संस्थागत स्वमुल्याङ्गनका

सूचकहरुको पालना जस्ता पक्षलाई मध्यनजर गर्दा नगरपालिकाबाट सञ्चालन गरिने सामाजिक, आर्थिक, वातावरणीय गतिविधि तथा पूर्वाधार विकास निर्माणका कार्यहरूलाई दिगो र परिणाममुखी बनाउनु पर्ने कानुनी र नैतिक दायित्व रहेको छ। त्यसैगरी स्थानीय सरकारका अधिकार र जिम्मेवारीहरू कुशल रूपमा सम्पादन गर्न विभिन्न पदीय जिम्मेवारीमा रहेका जननिर्वाचित प्रतिनिधिहरू र कर्मचारीहरूको क्षमता विकास गर्न आवश्यक रहेको छ। नगरपालिकाले आपूर्तिका साथै मागमा आधारित क्षमता विकास कार्यक्रम सञ्चालन गरी आवश्यकता बोध गरेका क्षेत्रमा ज्ञान, सीप र धारणामा विकास तथा जनउत्तरदायी शासन प्रणाली स्थापित गर्न आवश्यक रहेको देखिन्छ।

## ३.५ क्षमता विकास प्राथमिकताका आधारहरु

सैनामैना नगरपालिकाको संस्थागत क्षमता (*भौतिक स्रोत साधन, ऐन नियम विधि र प्रणाली, मानव संशाधन व्यवस्थापन र मानव संशाधन क्षमताको विकास)* लेखाजोखा तथा विश्लेषण बाट विद्यमान अवस्थाको पहिचान गरिएको छ। माथि उल्लेखित समग्र अवस्थाको लेखाजोखा बाट क्षमता विकासका लागि प्राथमिकताका आधारहरु आँकलन गर्न सकिन्छ । नेपाल सरकारकारको राज्य पुर्नसंरचना सँगै स्थानीय तहको अधिकार जिम्मेबारी र कार्य सम्पादनको हैसियतमा पनि बृद्धि भएको छ । भर्खरै पहिलो कार्यकाल पूरा हुन लागेको स्थानीय सरकारका आ-आफ्नै विशिष्ट अवसर र चुनौतीहरु पनि रहेका छन् । स्थानीय सरकारले आफुसँग उपलब्ध स्रोत साधनबाट जिम्मेवारीहरु सम्पादन गर्ने प्रयास पनि गरेका छन् । यस अर्थमा सैनामैना नगरपालिकाको बर्तमान अवस्थाको बारेमा मुख्य सरोकारवालाहरु सँग गरिएको संस्थागत क्षमताको छलफल तथा नगरपालिकाको दशौं नगर सभामा प्रस्तुत समीक्षात्मक प्रतिवेदनको आधारमा क्षमता विकास योजनाका लागि प्राथमिकताहरुका क्षेत्र तथा क्रियाकलापहरु उल्लेख गरिएको छ।

### क) विकास व्यवस्थापन तथा शासकीय प्रवन्ध

- नगरपालिकाको तथा वडाहरुको भौतिक पुर्वाधार र विकास
- प्रभावकारी सेवा प्रवाहका लागि कार्यविधि चाहिने, अभिमुखीकरण गरी ज्ञान, सीपको आवश्यकता
- संस्थागत दिगोपनका लागि अनुगमन र सुपरिवेक्षण गर्ने प्रणालीको विकास
- नगरपालिकाको आवधिक योजना, गुरुयोजना, क्षमता विकास योजना निर्माण तथा कार्यान्वयन
- समावेशी विकास नीति
- गाउँ बस्तुस्थिति विवरणको Digitalization अद्यावधिक
- नगरपालिकाको एकल अधिकार सँग सम्बन्धित ऐन, कानुन, नियमको निर्माण तथा जनप्रतिनिधिहरुलाई अभिमुखिकरण
- जनप्रतिनिधि तथा शाखा प्रमुख कर्मचारीहरुलाई वार्षिक योजना तथा बजेट तर्जुमा, योजना कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन सम्बन्धी विषयमा गहन तालिम

### ख) संगठन तथा संरचना व्यवस्थापन

- समिति उप समितिको कार्यस्थल व्यवस्थापन अभिमुखीकरण, अनुशिक्षण तथा अनुभव आदान प्रदान
- कार्य विभाजन नियमावलीको तर्जुमा र कार्यान्वयन
- कार्य विवरण पुनरावलोकन, अनुगमन/मूल्याङ्कन प्रणाली

- नगरपालिका भित्रका शाखा तथा समितिहरुका बीचमा आन्तरिक सञ्चार र समन्वय अभिबृद्धि गर्ने संयन्त्रको व्यवस्था
- संगठन तथा व्यवस्थापन सर्वेक्षण, शाखा इकाई आवश्यक दरबन्दी व्यवस्थापन
- कर्मचारी व्यवस्थापन नियमावली तथा स्पष्ट व्यवसायिक कार्ययोजना तथा उत्प्रेरणा सँग सम्बन्धित प्रावधानको व्यवस्था
- विषयगत शाखा वा इकाईमा कार्यरत कर्मचारीहरुको ज्ञान, सीप र दक्षता अभिवृद्धिका लागि तालिम, अनुशिक्षण, अध्ययन, अवलोकन सम्बन्धि व्यवस्था
- कर्मचारी तथा जनप्रतिनिधिहरुको आचार संहिता
- योजना अनुगमन संयन्त्रको प्रभावकारीता
- अन्तर-शाखा र निकाय बीच सूचना आदान-प्रदान/सञ्चार/समन्वय
- कार्यस्थलमा आवश्यक उपकरण तथा प्रविधिको व्यवस्थापन
- प्रविधि मैत्री सेवा वितरण र नतिजामुखी सेवा प्रवाह तथा कार्य सम्पादनसँग आवद्धता कर्मचारीहरूमा उत्प्रेरणा, अनुगमन

## ग) वित्तिय व्यवस्थापन

- राजस्व सुधार कार्य योजनाको निर्माण तथा अद्यावधिक
- बजेटिङ्ग तथा खर्च व्यवस्थापन सम्बन्धी अभिमुखीकरण, अभ्यास/अनुगमन/पृष्ठपोषण
- खरिद योजना तथा खरिद प्रक्रियाको अनुगमन
- आन्तरिक नियन्त्रण, अनुगमन तथा लेखापरीक्षण
- सम्पत्ति/जिन्सी व्यवस्थापन
- बार्षिक बजेट आम्दानी तथा खर्च प्रणाली
- वित्तिय प्रतिवेदन तथा अभिलेखीकरण
- स्थानीय श्रोतको पहिचान र परिचालन

## ङ) सुचना ब्यवस्थापन

- विद्युतीय साशन प्रणालीको विस्तार, वेभसाइट तथा सुचना संयन्त्रहरुको अद्यावधिक
- भू-सूचना प्रणालीका लागि आवश्यक ब्यवस्थापन
- नगरपालिकाको पाश्वचित्रको बार्षिक अद्यावधिक
- नवीनतम अवधारणा तथा सूचना प्रविधिहरूको उपयोगलाई प्रोत्साहन,
- अन्तर-शाखा र निकाय बीच सूचना आदान-प्रदान/सञ्चार/समन्वय
- सूचना इकाई स्थापना तथा व्यवस्थापन
- नगरपालिकाको  सम्पादित कार्यको अभिलेखिकरण, सार्बजनिकिकरण तथा प्रकाशन

- व्यवस्थित अभिलेख व्यवस्थापन र उचित तरिकाले दर्ता र भण्डारण गर्नुपर्ने, कार्य-विवरण अझ स्पष्ट
- पञ्जीकरण व्यवस्थापनका लागि हरेक वडामा कम्प्युटर सफ्टवेयरको उपयोग
- नगरपालिकाको केन्द्र तथा वडाहरुमा डिजिटल वडापत्रको ब्यबस्था

## च) सुशासन

- लैङ्गिक तथा सामाजिक समावेशीकरण नीति
- नगरपालिकाको अनुगमन संयन्त्रको प्रभावकारीता तथा नागरिकको संलग्नता
- नगरपालिकाले निर्माण गरेका ऐन कानुनहरुको अभिलेखीकरण तथा आम नागरिकको सहज पहुँच
- गुनासो तथा सूचना अधिकारीको प्रभावकारी कार्य सम्पादन
- नगरपालिकाको सुशासन तथा जवाफदेहिता सम्बन्धी कार्यविधि निर्माण तथा पालना
- पारदर्शिता तथा जवाफदेहिता अभिवृद्धि गर्ने सामाजिक परीक्षण, सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई, नागरिक वडापत्र, गुनासो ब्यवस्थापन, सूचनापाटी आदि संयन्त्रहरुको उपयोग
- समुदाय स्तरका योजना तथा कार्यक्रमहरुमा जनसहभागिता प्रोत्साहन तथा कार्यक्रमहरु
- संस्थागत दिगोपनका लागि सामुहिक अनुगमन र सुपरिवेक्षण गर्ने प्रणालीको विकास

## छ) समन्वय र सहकार्य

- क्षमता विकास योजना निर्माण र कार्यान्वयनमा प्रदेश सुशासन केन्द्र, PLGSP, प्रदेश र संघीय सरकार सँग समन्वय तथा सहकार्य
- सामुदायिक संस्थाहरूलाई व्यवस्थापकीय क्षमता विकास, नेतृत्व विकास
- निजी क्षेत्रसँग सहकार्य/साझेदारी बढाउने नीति
- विषयगत शाखाहरू तथा विभिन्न कार्यक्रम/परियोजनाहरू बीच नियमित बठैक, आवधिक समिक्षा गोष्ठी, नियमित प्रतिवेदन एवम् पृष्ठपोषण प्रणाली
- संघीय मन्त्रालयद्वारा सञ्चालित कार्यक्रम, आयोग, विभाग तथा अन्य विशिष्ट प्रकृतिका क्षमता विकासका क्षेत्रमा क्रियाशील निकायबाट सञ्चालन गरिने कार्यक्रमहरूमा सहभागिता ।

## परिच्छेद-चार : नगरपालिकाको क्षमता विकास योजनाका क्षेत्रहरु

### ४.१ संस्थागत क्षमता विकास योजना

नेपालको संविधान २०७२ ले स्थानीय सरकारलाई व्यवस्थापकीय, कार्यपालिका तथा न्यायसम्पादनको अधिकार प्रदान गरेको छ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ संविधानको मर्म अनुरुप एकल अधिकार र साझा अधिकारहरुको व्यवस्था गर्नुका साथै खर्चको जिम्मेवारी र राजस्वको स्रोतहरु समेत प्रदान गरेको छ। स्थानीय स्तरको समावेशी विकास र शासन प्रक्रियामा समुदाय र नागरिकको सहभागिता सुनिश्चित गर्दै स्थानीय तहमा प्रतिवद्ध, सक्षम एवम् नेतृत्व विकासको वातावरण र जनताले प्राप्त गर्ने सेवा सुविधालाई छिटो, छरितो र प्रभावकारी बनाउनका लागि संस्थागत क्षमताको आवश्यकता पर्दछ। स्थानीय सरकारको शासन प्रणालीलाई सुदृढीकरण गर्न संविधान प्रदत्त अधिकारलाई कार्यान्वयन गर्न र सोको संस्थागत विकास गरी सेवाहरुलाई नियमित, गुणस्तरीय, प्रभावकारी र भरपर्दो बनाउन संस्थागत विकास अपरिहार्य विषय हो । यस सन्दर्भमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तहहरुको कार्य सम्पादनको स्वमुल्याङ्कन संयन्त्रको थालनी गरेको छ । यस औजारले स्थानीय तहको कार्य प्रक्रिया र उपलब्धीहरुको बारेमा लेखाजोखा गरी सवल र दुर्वल पक्षहरुको पहिचान गर्न, विकास र सुशासनमा रहेका कमी कमजोरीहरुको जानकारी लिन, आवधिक समीक्षाको आधार प्राप्त गर्न र स्थानीय तहलाई सक्षम प्रभावकारी बनाउन सहयोग गर्छ। स्थानीय तहको स्वमुल्याङ्कनको समिक्षाको आधारमा रहेका स्थानीय सरकारले क्षमता विकास योजनाको निर्माण गरि लागु गर्नुपर्ने प्रावधानलाई सहयोग गर्नका लागि “क्षमता विकास योजना सम्बन्धी दिग्दर्शनले” आधार प्रदान गरेको छ।

स्थानीय सरकारको संस्थागत क्षमता अन्तरर्गत पालिकाको भूमिका तथा जिम्मेवारी पूरा गर्नका लागि संस्था तथा संस्थाको प्रत्येक्ष पहुँच भित्र रहेको दक्षता, सीप, बुझाई, धारणा, मूल्य, सम्बन्ध, व्यवहार, स्रोत र साधनको समग्र अवस्थालाई बुझाउँदछ । क्षमता विकासले भूमिका तथा जिम्मेवारी पूरा गर्नका लागि व्यक्ति, संगठन तथा समाजमा रहेको त्यस्तो ज्ञान, सीप र धारणा जस्ता पक्षहरु पर्दछन् । क्षमता विकास लामो समय सम्म निरन्तर चलिरहने एउटा प्रक्रिया हो, जसको माध्यमले व्यक्ति, संगठन र समाजले आइपर्ने समस्याहरु समाधान गर्न, सम्भावनाहरुको उपयोग गर्न तथा समय सापेक्ष विकासका निर्धारित उद्देश्यहरू प्राप्त गर्न आवश्यक ज्ञान, सीप र धारणा प्राप्त गर्दछ। यसर्थ, स्थानीय तहको क्षमता विकास शब्दले व्यक्तिको ज्ञान, सिप र धारणामा सकारात्मक प्रभाव ल्याउनुका साथै समग्र संस्था र प्रणालीको कार्य दक्षता र प्रभावकारीता वृद्धि भन्ने बुझाउँदछ। यस हिसावले स्थानीय सरकारको क्षमता विकासलाई बृहत रूपमा चार भागमा बाँडेर हेर्ने गरिन्छ । जुन स्थानीय तहको पहिलोः भौतिक स्रोत साधन दोस्रोः ऐन, नियम, विधि र प्रणाली, तेस्रोः जनशक्ति व्यवस्था र चौथोः ज्ञान, सीप, दक्षता जस्ता पक्षहरु पर्दछन ।

सैनामैना नगरपालिकाको संस्थागत क्षमताको लेखाजोखाको आधार, संस्थागत स्वमुल्याङ्कनको नतिजा, विद्यमान संस्थागत संरचना तथा जिम्मेबारी र कार्य सम्पादनको अवस्थालाई मध्यनजर गर्दै विश्लेषण गरिएको छ। खासगरी विकास व्यवस्थापन, संगठन व्यवस्थापन, वित्तिय व्यवस्थापन, सुचना व्यवस्थापन, सुशासन, समन्वय र सहकार्य जस्ता विषय बस्तुहरुलाई नगरपालिकाको संस्थागत क्षमता भित्र राखिएको छ। उक्त विषय क्षेत्रमा भौतिक स्रोत साधन, ऐन नियम विधि र प्रणाली, जनशक्ति व्यवस्थापन र ज्ञान सीप, दक्षता लाई अभिबृद्धि गर्ने क्रियाकलापहरु समवेश हुने गरि संस्थागत क्षमता योजना निर्माण गरिएको छ । यस नगरपालिकाको संस्थागत क्षमता विकासको कार्य योजनालाई निर्दिष्ट रुपमा तलको तालिकामा उल्लेख गरिएको छ ।

## ४.२ सैनामैना नगरपालिकाको संस्थागत क्षमता विकास कार्ययोजना

| क्र.सं. | प्रस्तावित क्रियाकलापहरु | एकाई | परिमाण | मुख्य जिम्मेबारी | समयावधि | | | बजेट हजारमा(०००) | | | | लागत व्यहोर्ने स्रोत | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०७९/०८० | ०८०/०८१ | ०८१/०८२ | जम्मा | ०७९/०८० | ०८०/०८१ | ०८१/०८२ | आन्तरिक (बा.वजेट) | वहिय |
| १ | **भौतिक स्रोत साधन तथा विकास व्यवस्थापन सँग सम्बन्धित** | | | | | | | | | | | | |
| १.१ | नगरपालिकाको समग्र तथ्याङ्को बार्षिक अद्यावधिक गर्ने | पटक | ३ | सुचना शाखा | | | | १५० | ५० | ५० | ५० | १५० | ० |
| १.२ | प्रत्येक शाखाहरूमा कम्प्युटरको नेटवर्क र कम्प्युटर सम्बन्धी आधारभूत तालिम | संख्या | ३ | प्र.प्र.अ र सबै शाखा प्रमुख/ वडा कार्यालय | | | | ४५० | २५० | १०० | १०० | ३०० | १५० |
| १.३ | नगरपालिकाको केन्द्र तथा वडामा विद्युतीय हाजिरी पद्धतिको अनिवार्य कार्यान्वयन | नियमित | | प्र.प्र.अ.प्रशासन शाखा | | | | ६०० | २५० | २५० | १०० | ६०० | ० |
| १.४ | नगरपालिकाको नाममा तथा हक भोगमा रहेका चल अचल सम्पत्तिहरूको विवरण तयार गरी सोबाट थप आयस्रोत प्राप्त हुन सक्ने सम्भावनाहरूको अध्ययन | पटक | १ | प्रशासन तथा योजना शाखा | | | | ३०० | ३०० | ० | ० | ३०० | ० |
| १.५ | प्रशासनिक खर्च निर्धारित सिमा भित्र ल्याउन खर्चहरूको सुक्ष्म अध्ययन तथा अन्तरक्रिया | पटक | १ | प्र.प्र.अ./लेखा शाखा | | | | २०० | ० | २०० | ० | २०० | ० |
| १.६ | नगरपालिकाको कार्यालय तथा वडाहरुमा डिजिटल वडापत्र तथा सूचना पाटीको व्यवस्थापन | संख्या | ७ | योजना शाख/सुचना शाखा तथा लेखा | | | | १००० | ५०० | ५०० | ० | ५०० | ५०० |
| १.७ | मासिक/चौमासिक/वार्षिक कार्य प्रगती र प्रतिवेदन, समिक्षा (शाखा तथा वडा कार्यालय) | पटक | | प्र.प्र.अ./ प्रशासन शाखा | | | | ३०० | १०० | १०० | १०० | ३०० | ० |
| १.८ | विद्यालयका प्र.अ. तथा शिक्षा शाखा वीच भएको कार्यसम्पादन सम्झौताको उपलव्धी मापन कार्यशाला गर्ने(चौमासिक) | पटक | ३ | शिक्षा शाखा | | | | ६०० | २०० | २०० | २०० | ६०० | ० |
| १.९ | पालिकाका गतिविधिहरुको जानकारी मुलक रेडियो कार्यक्रम | साप्ताहिक | नियमित | सुचना शाखा | | | | ९०० | ३०० | ३०० | ३०० | ९०० | ० |

| क्र.सं. | प्रस्तावित क्रियाकलापहरु | एकाई | परिमाण | मुख्य जिम्मेबारी | समयावधि | | | बजेट हजारमा(000) | | | | लागत ब्यहोर्ने स्रोत | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०७९/०८० | ०८०/०८१ | ०८१/०८२ | जम्मा | ०७९/०८० | ०८०/०८१ | ०८१/०८२ | आन्तरिक (बा.वजेट) | वहिय |
| १.१० | प्राविधिक ल्याब स्थापना खर्च ( कृषि, पशु स्वास्थ्य) | पटक | २ | कृषि तथा पशु शाखा | | | | ७०० | ३५० | ३५० | ० | ४०० | ३०० |
| १.११ | पुर्वाधार गुणस्तरीयता अभिबृद्धिमा सहयोग गर्न Civil Lab स्थापना | पटक | २ | पुर्वाधार शाखा | | | | १५०० | ७५० | ७५० | ० | ७५० | ७५० |
| १.१२ | टोल विकास संस्थाको क्षमता विकास कार्यक्रम | संख्या | ११ वटै वडामा | सामाजिक शाखा | | | | ५१०० | १७०० | १७०० | १७०० | ५१०० | ० |
| १.१३ | कृषि, पशुपन्छी तथा मत्स्य तथ्याङ्क अद्यावधिक गर्ने | पटक | १ | कृषि तथा पशु शाखा | | | | १०० | १०० | ० | ० | १०० | ० |
| १.१४ | शहरीकरण तथा वस्ती विकास नीति, कानुन तथा मापदण्ड कार्यान्वयन सम्बन्धी कार्यशाला | पटक | २ | पुर्वाधार शाखा | | | | ३०० | ० | १५० | १५० | ३०० | ० |
| १.१५ | गैससहरुको योजना र कार्यक्रमहरुलाई नगरपालिकाको बार्षिक योजना सँग तादम्यता मिलाउने | वार्षिक | | प्रशासन शाखा | | | | १५० | ५० | ५० | ५० | १५० | ० |
| | **जम्मा** | | | | | | | १२६५० | ५२०० | ४७०० | २७५० | १०९५० | १७०० |
| २ | **नीति, योजना, ऐन/नियम/कार्यविधि प्रक्रियासँग सम्बन्धित** | | | | | | | | | | | | |
| २.१ | शैक्षिक क्यलेण्डर निर्माण | वार्षिक | नियमित | शिक्षा शाखा | | | | ३०० | १०० | १०० | १०० | ३०० | ० |
| २.२ | स्थानीय पाठ्यक्रम निर्माण | पटक | १ | शिक्षा शाखा | | | | ५०० | ५०० | ० | ० | ५०० | ० |
| २.३ | सवै नीतिहरुलाई आ.यो., गु.यो. वार्षिक योजना आदिमा मूलप्रवाहीकरण गरिने | | | अध्यक्ष/उपाध्यक्ष प्र.प्र.अ./योजना शाखा | | | | ० | ० | ० | ० | ० | ० |
| २.४ | संगठन तथा व्यवस्थापन सर्वेक्षण अध्ययन प्रतिवेदन निर्माण तथा नगरसभाबाट पारित | पटक | १ | प्र.प्रअ./प्रशासन शाखा | | | | ८०० | ० | ८०० | ० | ८०० | ० |

| क्र.सं. | प्रस्तावित क्रियाकलापहरु | एकाई | परिमाण | मुख्य जिम्मेबारी | समयावधि | | | बजेट हजारमा(०००) | | | | लागत ब्यहोर्ने स्रोत | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०७९/०८० | ०८०/०८१ | ०८१/०८२ | जम्मा | ०७९/०८० | ०८०/०८१ | ०८१/०८२ | आन्तरिक (बा.वजेट) | वहिय |
| २.५ | नगरपालिकाको सुशासन तथा सामाजिक जवाफदेहिता(सार्बजनिक सुनुवाई, सामाजिक परीक्षण, सार्बजनिक परीक्षण गुनासो ब्यवस्थापन सम्बन्धि) कार्यविधि | संस्था | १ | सुशासन समिति प्रसाशन शाखा | | | | ४०० | ४०० | ० | ० | ० | ४०० |
| २.६ | सामाजिक परीक्षण (पालिका स्तरमा) बर्षमा एक पटक | पटक | १ | सामाजिक शाखा | | | | ९०० | ३०० | ३०० | ३०० | ९०० | ० |
| २.७ | सार्बजनिक सुनुवाई (पालिका स्तरमा) बर्षमा दुई पटक | पटक | २ | प्रशासन शाखा | | | | ९०० | ३०० | ३०० | ३०० | ९०० | ० |
| २.८ | नगरपालिकामा कार्यरत कर्मचारी आचारसंहिता तर्जुमा तथा लागु | संख्या | १ | प्र.प्रअ.प्रशासन शाखा | | | | १०० | १०० | ० | ० | १०० | ० |
| २.९ | कर्मचारीहरुको कार्य विवरण बनाई प्र.प्र.अ.ले अध्यक्षसँग, अन्य शाखा प्रमुखले प्र.प्र.अ.संग कार्यसम्पादन सम्झौता | | | अध्यक्ष प्र.प्र.अ. | | | | ० | ० | ० | ० | ० | ० |
| २.१० | वालमैत्री तथा अपा ·मैत्री निर्देशिका निर्माण | पटक | १ | सामाजिक शाखा | | | | ८०० | ० | ८०० | ० | ४०० | ४०० |
| २.११ | दीगो विकासका लक्ष्यहरुलाई मूलप्रवाहीकरण गर्ने | | | योजना शाखा | | | | ४०० | ० | ४०० | ० | ० | ४०० |
| २.१२ | न.पा.को आय-व्ययको मासिक रुपमा सार्वजनिकिकरण गर्ने | नयमित | | आर्थिक प्रशासन/ राजस्व शाखा | | | | ० | ० | ० | ० | ० | ० |
| २.१३ | वार्षिक खरिद योजना तयार गर्ने | नयमित | | आर्थिक प्रशासन शाखा | | | | १५० | ५० | ५० | ५० | १५० | ० |
| २.१४ | राजस्व असुली तथा करदाता शिक्षा सम्बन्धी सचेतना कार्यक्रम | नियमित | | राजस्व शाखा | | | | ६०० | २०० | २०० | २०० | ६०० | ० |
| २.१५ | वालमैत्री स्थानीय शासन पद्धति सम्वन्धि नीति तयार गर्ने | पटक | १ | सामाजिक शाखा | | | | ३०० | ० | ० | ३०० | ३०० | ० |

| क्र.सं. | प्रस्तावित क्रियाकलापहरु | एकाई | परिमाण | मुख्य जिम्मेबारी | समयावधि | | | बजेट हजारमा(000) | | | | लागत ब्यहोर्ने स्रोत | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०७९/०८० | ०८०/०८१ | ०८१/०८२ | जम्मा | ०७९/०८० | ०८०/०८१ | ०८१/०८२ | आन्तरिक (बा.वजेट) | वहिय |
| २.१६ | कृषक समुह, फर्म, लघुउद्यम दर्ता नियमावली तथा कृषि अनुदान नियमावली | पटक | १ | कृषि शाखा | | | | ३५० | ० | ३५० | ० | ३५० | ० |
| २.१७ | नगर शिक्षा प्रोफाईल निर्माण | पटक | १ | शिक्षा शाखा | | | | २०० | २०० | ० | ० | २०० | ० |
| २.१८ | बेरुजु फर्छयौट सम्बन्धी कार्यविधि निर्माण | पटक | १ | आर्थिक प्रशासन शाखा | | | | १०० | ० | १०० | ० | १०० | ० |
| २.१९ | नगरपालिकाका सबै शाखा तथा इकाईहरुको बार्षिक कार्ययोजना निर्माण तथा कार्यान्वयन | वार्षिक | नियमित | सबै शाखा तथा इकाईहरु | | | | ० | ० | ० | ० | ० | ० |
| जम्मा | | | | | | | | ६८०० | २१५० | ३४०० | १२५० | ५६०० | १२०० |
| कुल जम्मा(१+२) | | | | | | | | १९४५० | ७३५० | ८१०० | ४००० | १६५५० | २९०० |

## ४.३ मानव स्रोत क्षमता विकास योजना

कुनै पनि सार्बजनिक संस्थाको कार्य सम्पादनको प्रभावकारीता मापन गर्ने महत्वपुर्ण आधार मानव स्रोत हो । मानव संशाधन विकस अन्तर्गत संस्थामा संलग्न जनशक्तिहरुको ज्ञान, सीप, दक्षता र क्षमता पर्दछ । जनशक्तिको दक्षताले नै संस्थाबाट वितरण गरिने सेवा तथा साशकीय प्रवन्धको उपयुक्त ब्यवस्थापन हुन सक्छ । यस सन्दर्भमा स्थानीय तहलाई प्राप्त अधिकार तथा जिम्मेबारीको कार्य सम्पादनको  सुनिश्चिताको लागि संस्थामा मानवीय स्रोतको आवश्यकता पर्दछ । हाल स्थानीय तहको विद्यमान प्रशासनिक तथा सांगठनिक संरचना निर्माण तथा स्थापना हुने क्रममा नै रहेका छन् । स्थानीय सरकारको प्रशासनिक तथा सांगठनिक संरचना तथा इकाईहरुको स्पष्ट कार्य विभाजन र जिम्मेबारी नभईसकेको अवस्था देखिन्छ । यसकारण स्थानीय सरकारको मानविय संशाधनको ब्यवस्थापन तथा दक्षता अभिबृद्धि गर्नु आवश्यक रहेको छ ।

सामान्यतया मानव संशाधन विकास भन्नाले कर्मचारी वा जनप्रतिनिधिहरुले प्राप्त भूमिका पूरा गर्नका लागि व्यक्तिको ज्ञान, सीप र धारणामा सकारात्मक सुधार गर्ने कार्य जस्तै; तालिम, अध्ययन अवलोकन आदिलाई क्षमता विकास भनेर बुझ्ने गरिन्छ, तर क्षमता विकास केवल तालिम, गोष्ठी, अन्तरक्रिया मात्र नभई यो संगठनमा आवद्ध मानिस, संस्थाको आन्तरिक तथा बाह्य व्यवस्थापन, संरचना, विधि, प्रस्तुती जस्ता पक्षहरूसँग सम्बन्धित हुन्छ र यो निरन्तर रूपमा चलिरहने प्रक्रिया हो । संस्थाले प्रभावकारी रूपमा संस्थाको उद्देश्य हासिल गर्नका लागि विद्यमान जनशक्तिको क्षमता विकास निरन्तर गर्दै जानु जरूरी हुन्छ । विद्यमान जनशक्तिको क्षमता विकासको पहिलो कार्य जनशक्तिको विद्यमान क्षमताको मूल्याङ्कन तथा विश्लेषण गरी त्यस अनुरूप क्षमता विकास नीति तथा योजनाको तर्जुमा तथा कार्यान्वयन आवश्यक छ  । स्थानीय सरकारको मानव संशाधनमा निर्वाचित पदाधिकारी एवम् निर्दिष्ट भूमिका पूरा गर्न आवश्यक ज्ञान, सीप र धारणा भएका वा हासिल गर्न सक्ने क्षमता भएका कर्मचारीलाई जनाउँदछ । यस अन्तर्गत आवश्यक मानव संशाधन प्राप्तीका लागि गरिने कार्यहरू (संगठन तथा व्यवस्थापन सर्बेक्षण, दरबन्दी निर्धारण, नियुक्ति प्रक्रिया, सरूवा/बढुवा व्यवस्था, जिम्मेवारी निर्धारण, पारिश्रमिक आदि) लाई बुझ्न सकिन्छ । स्थानीय सरकारका भूमिका पूरा गर्न जिम्मेवारीमा रहेका जनशक्तिहरू (निर्वाचत पदाधिकारीहरू, कर्मचारीहरू, स्थानीय सरकारसँग प्रत्येक्ष संलग्न भई कार्य गर्ने उपभोक्ता समितिका पदाधिकारीहरू, स्वयम्सेवीहरू आदि) को क्षमता विकास पर्दछ ।

सैनामैना नगरपालिकाको जनसंख्या, सेवाग्राहीको चाप तथा कार्यक्षेत्रलाई हेर्दा हालको मानवीय संसाधन क्षमता अप्रयाप्तता भई रहेको सन्दर्भमा आवश्यकता अनुसार मानवीय क्षमता विकासका कार्ययोजना अपरिहार्य देखिन्छ । नगरपालिकाले हालसम्म पनि संगठन तथा ब्यवस्थापन सर्बेक्षण प्रतिवेदन निर्माण गरेको छैन । यसर्थ संगठन ब्यवस्थापन अध्ययन गरि नगरपालिकाको स्पष्ट संरचना, शाखा, इकाई, सम्बन्धित इकाईको कार्यविवरण अनुसार पालिकाको नगर सभाबाट पारित गरि ब्यवहारमा लागु गर्नुपर्ने देखिन्छ । मानवीय स्रोत क्षमता बिकास कार्ययोजना अन्तरगत यस पालिकाको मानव संसाधन प्राप्ती, जनप्रतिनिधि, विषयगत समिति, उप समिति तथा कर्मचारीहरुको क्षमता अभिबृद्धि गर्ने ज्ञान, सीप र दक्षता अभिबृद्धि हुने तालिम, गोष्ठी, अध्ययन, अनुसन्धानसँग सम्बन्धित क्रियाकलापहरु राखिएको छ ।

## ४.४ सैनामैना नगरपालिकाको मानव स्रोत क्षमता विकास कार्ययोजना

| क.सं. | प्रस्तावित क्रियाकलापहरु | सेवा प्रवाहमा आउने प्रभावकारीता | मुख्य जिम्मेबारी | समयावधि | | | बजेट हजारमा(०००) | | | | लागत ब्यहोर्ने स्रोत | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०७९/०८० | ०८०/०८१ | ०८१/०८२ | जम्मा | ०७९/०८० | ०८०/०८१ | ०८१/०८२ | आन्तरिक | वाहिय |
| १. | **निर्वाचित पदाधिकारीहरूका लागि** | | | | | | | | | | | |
| १.१ | योजना तर्जुमा तथा कार्यान्वयन गर्दा सहभागितामूलक योजना तर्जुमा चरणहरू बस्ती र वडास्तरको योजना तर्जुमा, विषयगत र क्षेत्रगत योजना तर्जुमा, नगर सभा सञ्चालन सम्बन्धी का.पा. सदस्यहरुलाई अभिमुखीकरण | योजनाहरुको गुणस्तरीयतामा अभिबृद्धि | प्र.प्र.अ./ योजना शाखा | | | | ५०० | १०० | २०० | २०० | ५०० | ० |
| १.२ | का.स.हरुलाई स्थानीय सरकार सञ्चालन सम्बन्धी अभिमुखीकरण कार्यक्रम | कार्यसम्पादन बृद्धि | प्र.प्र.अ./ प्रशासन शाखा | | | | ३०० | १०० | १०० | १०० | ३०० | ० |
| १.३ | सार्वजनिक खरिद ऐन, नियमावली, आर्थिक प्रशासन नियमावली, खरिद योजना निर्माण सम्बन्धी का. स. हरुलाई अनुशिक्षण | आर्थिक पारदर्शिता | प्र.प्र.अ./आ.प्र. शाखा | | | | ३०० | ० | १५० | १५० | ३०० | ० |
| १.४ | लैससास कार्यविधि/नीति सम्बन्धी जनप्रतिनिधिहरुलाई अभिमुखिकरण गर्ने । | समावेशी विकास | सामाजिक शाखा | | | | ३०० | १०० | १०० | १०० | १५० | १५० |
| १.५ | वडा अध्यक्षहरुलाई योजना अनुगमन तथा सुपरिवेक्षण सम्बन्धी अभिमुखिकरण | योजनाको गुणस्तर बृद्धि | अनुगमन समिति/प्रशासन शाखा | | | | १०० | ५० | ५० | ५० | १०० | ० |
| १.६ | कार्यपालिका सदस्यहरुको सिकाई आदान प्रदान अवलोकन भ्रमण | कार्यसम्पादनमा नविनता आयाम | कार्यपालिका प्र.प्र.अ. | | | | १५०० | ५०० | ५०० | ५०० | १५०० | ० |
| १.७ | नगरपालिकाको राजस्व बृद्धिको लागि विद्यमान स्रोतहरूको पूर्ण उपयोग र नयाँ स्रोतहरूको पहिचान सम्बन्धी सिकाईका लागि अन्य नगरपालिकाको अध्ययन भ्रमण | कार्यसम्पादनमा नविनता आयाम | | | | | ६०० | ० | ३०० | ३०० | ६०० | ० |
| | **जम्मा** | | | | | | ३६५० | ८५० | १४०० | १४०० | ३४५० | १५० |
| २. | **समिति, उपसमितिहरूका लागि** | | | | | | | | | | | |
| २.१ | राजस्व परामर्स समिति लाई राजस्व सुधार कार्ययोजना सम्बन्धी कार्यशाला बार्षिक | आन्तरिक राजस्वमा सुधार | राजस्व समिति राजस्व शाखा | | | | ३०० | १०० | १०० | १०० | १५० | १५० |

| क्र.सं. | प्रस्तावित क्रियाकलापहरु | सेवा प्रवाहमा आउने प्रभावकारीता | मुख्य जिम्मेबारी | समयावधि | | | बजेट हजारमा(000) | | | | लागत ब्यहोर्ने स्रोत | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०७९/०८० | ०८०/०८१ | ०८१/०८२ | जम्मा | ०७९/०८० | ०८०/०८१ | ०८१/०८२ | आन्तरिक | वाहिय |
| २.२ | अनुगमन समितिको कार्यप्रणाली तथा कार्यसम्पादन सम्बन्धी कार्यशाला बार्षिक | परियोजनाको गुणस्तर अभिबृद्धि | अनुगमन समिति | | | | ३०० | १०० | १०० | १०० | १५० | १५० |
| २.३ | न्यायीक समिति तथा मेलमिलाकर्ताको दक्षता अभिबृद्धि सम्बन्धी अभिमुखीकरण (दुई दिने बार्षिक) | स्थानीय द्वन्द व्यवस्थापनमा सुधार र न्याय सम्पादन | न्यायीक समिति | | | | ८०० | २०० | ३०० | ३०० | ४०० | ४०० |
| २.४ | मेलमिलाप केन्द्र गठन तथा संञ्चालन, व्यवस्थापन | समुदाय स्तरमा द्वन्द ब्यवस्थापन | न्यायीक समिति | | | | ८०० | ५०० | १५० | १५० | ४०० | ४०० |
| २.५ | विषयगत शाखा, राजनीतिक दल, स्थानीय गै.स.स, संचार क्षेत्र, निजी क्षेत्रका प्रतिनिधिहरूसँग नगरपालिकाको सङ्गठनात्मक, संस्थागत व्यवस्था, कार्य प्रणाली, अनुगमन प्रक्रिया र सूचना प्रवाहका सम्बन्धमा अभिमुखीकरण | सुशासन अभिबृद्धि | सुशासन समिति प्रशासन शाखा | | | | ३०० | १०० | १०० | १०० | ३०० | ० |
| २.६ | उपभोक्ता समितिहरुलाई योजना कार्यान्वयन बारे अभिमुखीकरण | योजनाको गुणस्तरियता बृद्धि | योजना शाखा | | | | ९०० | ३०० | ३०० | ३०० | ९०० | ० |
| २.७ | जनप्रतिनिधि र शाखा प्रमुख कर्मचारीकाहरुका विचमा कार्यसम्पादन बुझाई एकरुपता गर्न छलफल तथा अन्तरक्रिया कार्यक्रम | सुशासन अभिबृद्धि | योजना शाखा | | | | १५० | ५० | ५० | ५० | १५० | ० |
| २.८ | जनप्रतिनिधि, कर्मचारी तथा सरोकारवालाहरुलाई पुर्ण सरसफाई, पुर्ण खोप अभियान अभिमुखिकरण | सामाजिक विकास सुचक बृद्धि | स्वास्थ्य शाखा | | | | ४०० | ० | २०० | २०० | ४०० | ० |
| २.९ | कर्मचारी तथा जनप्रतिनिधिहरुलाई सार्वजनिक र सामाजिक उत्तरदायित्व (जवाफदेहिताका अवधारणा, औजारहरू र उपयोग सीप तालिम) | सुशास अभिबृद्धि | सामाजिक शाखा | | | | ३०० | १०० | १०० | १०० | ३०० | ० |
| २.१० | सामुदायिक संस्थाहरुको क्षमता विकास तालिम | संस्थागत सुशासन | सामाजिक शाखा | | | | ६०० | २०० | २०० | २०० | ३०० | ३०० |
| २.११ | टोल विकास संस्थाको क्षमता विकास तथा फोहर ब्यवस्थापन सम्बन्धी तालिम | संस्थागत सुशासन | सामाजिक शाखा | | | | ६०० | २०० | २०० | २०० | ६०० | ० |

| क्र.सं. | प्रस्तावित क्रियाकलापहरु | सेवा प्रवाहमा आउने प्रभावकारीता | मुख्य जिम्मेबारी | समयावधि | | | बजेट हजारमा(000) | | | | लागत ब्यहोर्ने स्रोत | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०७९/०८० | ०८०/०८१ | ०८१/०८२ | जम्मा | ०७९/०८० | ०८०/०८१ | ०८१/०८२ | आन्तरिक | वाहिय |
| २.१२ | सामुदायिक विद्यालयका अभिभावकहरुलाई अभिमुखीकरण | शिक्षामा सुधार | शिक्षा शाखा | | | | ४५० | १५० | १५० | १५० | ४५० | ० |
| २.१३ | विद्यालय व्यवस्थापन समितिका सदस्यहरुलाई सदस्यहरुलाई तालिम | शिक्षामा सुधार | शिक्षा शाखा | | | | ४५० | १५० | १५० | १५० | ४५० | ० |
| २.१४ | महिला स्वास्थ्य स्वयम सेविकाहरुलाई अवलोकन भ्रमण | स्वास्थ्य सेवामा सुधार | स्वास्थ्य शाखा | | | | ७५० | २५० | २५० | २५० | ७५० | ० |
| २.१५ | महिला स्वास्थ्य स्वयम सेविकाहरुलाई रिफ्रेसर तालिम | स्वास्थ्य सेवामा सुधार | स्वास्थ्य शाखा | | | | ७५० | २५० | २५० | २५० | ३०० | ४५० |
| | **जम्मा** | | | | | | ७८५० | २६५० | २६०० | २६०० | ६००० | १८५० |
| **३.** | **कर्मचारीहरूका लागि** | | | | | | | | | | | |
| ३.१ | आधाभुत सेवा प्रवेश तालिम (नयाँ नियुक्त कर्मचारीहरुका लागि) | कार्यसम्पादन दक्षतामा बृद्धि | प्रशासन शाखा | | | | ६०० | १५० | २०० | २५० | ३०० | ३०० |
| ३.२ | कर्मचारीहरुलाई सेवाकालिन तालिम ( आवश्यकता अनुसार) | कार्यसम्पादन दक्षतामा बृद्धि | प्रशासन शाखा | | | | ६०० | १५० | २०० | २५० | ३०० | ३०० |
| ३.३ | शाखा प्रमुखहरुको मासिक वैठक सञ्चालन गर्ने | कार्यसम्पादन सुधार | प्रशासन शाखा | | | | १५० | ५० | ५० | ५० | १५० | ० |
| ३.४ | संस्थागत क्षमता स्वमुल्याङ्कन सम्बन्धी तालिम (शाखा प्रमुखहरु) | कार्यसम्पादन अभिबृद्धि | प्रशासन शाखा | | | | ३०० | १०० | १०० | १०० | १५० | १५० |
| ३.५ | स्थानीय सेवा व्यवस्थापन सम्वन्धि नेपाल सरकारको नीति, मापदण्ड, सेवा शर्त आदिको विषयमा कर्मचारीहरुलाई अभिमुखिकरण गर्ने | कर्मचारीको कार्य दक्षतामा बृद्धि | प्रशासन शाखा | | | | १५० | ५० | ५० | ५० | १५० | ० |
| ३.६ | प्राविधिक कर्मचारीहरुको पुर्वाधार गुणस्तरियता बृद्धि सम्बन्धी व्यवसायीक(सर्भे, ड्रोइ ·, :6sr/) तालिम | पुर्बाधार परियोजनाको प्रभाकारीता बृद्धि | पुर्बाधार शाखा | | | | ४५० | १५० | १५० | १५० | २०० | २५० |
| ३.७ | वडा सचिव तथा शाखाका कर्मचारीहरुलाई कम्प्युटर तथा सुचना प्रविधि सम्बन्धी तालिम | सेवा प्रवाहमा बृद्धि | सुचना प्रविधि शाखा | | | | ३०० | १०० | १०० | १०० | ३०० | ० |

| क्र.सं. | प्रस्तावित क्रियाकलापहरु | सेवा प्रवाहमा आउने प्रभावकारीता | मुख्य जिम्मेबारी | समयावधि | | | बजेट हजारमा(०००) | | | | लागत ब्यहोर्ने स्रोत | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०७९/०८० | ०८०/०८१ | ०८१/०८२ | जम्मा | ०७९/०८० | ०८०/०८१ | ०८१/०८२ | आन्तरिक | वाहिय |
| ३.८ | आर्थिक प्रशासन शाखाका कर्मचारीहरुलाई सार्वजनिक खरिद, ई विडि ·, लेखाको सप्टवेयर, राजस्व सप्टवेयर व्यवस्थापन सम्बन्धी तालिम(SUTRA,C-Gas,पुनर्ताजकी) | खरिद तथा लेखा , राजस्व प्रणालीमा सुधार | आर्थिक प्रशासन शाखा | | | | ३०० | १०० | १०० | १०० | १५० | १५० |
| ३.९ | एकिकृत सुचना व्यवस्थापन तथा सुचना प्रविधि सम्बन्धी कर्मचारीहरुलाई तालिम | सुचना व्यवस्थापन सुधार | सुचना शाखा | | | | २५० | ५० | १०० | १०० | ० | २५० |
| ३.१० | कर्मचारीहरूलाई कार्य जिम्मेवारी अनुसार निम्न तालिम उपलब्ध गराउने ।<br>● प्रशंसनीय खोज<br>● नेतृत्व विकास तालिम<br>● व्यवस्थापन तालिम<br>● प्रविधि सम्बन्धी तालिम ( GIS, AutoCAD, E-tap,Total station आदि) | कार्यसम्पादन सुधार भई सेवा प्रवाहमा बृद्धि हुने | प्रशासन शाखा | | | | १२०० | ३०० | ४५० | ४५० | ६०० | ६०० |
| ३.११ | कृषि तथा पशुस्वास्थ्य तर्फका कर्मचारीहरुको व्यवसायिक तालिम (माटो परिक्षण,ए.आई.) | कार्यसम्पादन सुधार भई सेवा प्रवाहमा बृद्धि हुने | कृषि तथा पशु शाखा | | | | ६०० | १०० | २५० | २५० | ३०० | ३०० |
| ३.१२ | स्वास्थ्य तर्फका कर्मचारीहरुको व्यवसायिक क्षमता अभिबृद्धि तालिम | स्वास्थ्य शाखा | | | | | ५०० | १०० | २५० | १५० | २५० | २५० |
| ३.१३ | कर्मचारीहरुको सिकाई आदान प्रदान गर्न अन्तर स्थानीय तह वीच अवलोकन भ्रमण | पालिकाको सेवा प्रवाहमा नविनता | | | | | १००० | ० | ५०० | ५०० | ५०० | ५०० |
| ३.१४ | शाखाका कर्मचारी तथा वडा सचिवलाई बजेट निर्माण, जिन्सी, लेखाङ्कन, लेखापरीक्षण तथा प्रतिवेदन सम्बन्धी तालिम | कार्यदक्षमा तथा सुशासन अभिबृद्धि | आथिक प्रशासन शाखा | | | | ६०० | २०० | २०० | २०० | ६०० | ० |
| ३.१५ | IEMIS तालिम(शिक्षा तर्फ) | सुचना तथा अभिलेख व्यवस्थापन | शिक्षा शाखा | | | | ४०० | ० | २०० | २०० | २०० | २०० |

| क.सं. | प्रस्तावित क्रियाकलापहरु | सेवा प्रवाहमा आउने प्रभावकारीता | मुख्य जिम्मेबारी | समयावधि | | | बजेट हजारमा(०००) | | | | लागत ब्यहोर्ने स्रोत | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०७९/०८० | ०८०/०८१ | ०८१/०८२ | जम्मा | ०७९/०८० | ०८०/०८१ | ०८१/०८२ | आन्तरिक | वाहिय |
| ३.१६ | प्राविधिक मैत्री शिक्षकलाई प्रशिक्षक प्रशिक्षण तालिम | गुणस्तरीय शिक्षा | शिक्षा शाख | | | | १००० | ५०० | ५०० | ० | ५०० | ५०० |
| ३.१७ | प्राविधिक मैत्री शिक्षकहरुलाई प्रशिक्षण तालिम | गुणस्तरीय शिक्षा | शिक्षा शाख | | | | ७०० | ३५० | ३५० | ० | ७०० | ० |
| | जम्मा | | | | | | ९१०० | २४५० | ३७५० | २९०० | ५३५० | ३७५० |
| | कुल जम्मा(१+२+३) | | | | | | २०६०० | ५९५० | ७७५० | ६९०० | १४८०० | ५७५० |

### ४.५ आवश्यक स्रोत व्यक्ति तथा संस्थाहरुको रोष्टर

नगरपालिकाको संस्थागत तथा मानवीय क्षमता विकास कार्य योजनामा सहजीकरण गर्नका लागि संभावित स्रोत व्यक्तिहरु तथा संस्थाहरुको रोष्टर तलको तालिकामा उल्लेख गरिएको छ ।

| स्रोत व्यक्ति तथा सहयोगी संस्थाहरु को नाम | क्षमता विकास सहकार्य वा सहयोगका क्षेत्रहरु | सम्भावित भुमिका |
|---|---|---|
| प्र.प्र.अधिकृत | - स्थानीय शासन ऐन, नियम तथा कार्य प्रणालीका बारेमा अभिमुखिकरण | -स्रोत व्यक्ति/सहजकर्ता |
| लेखा अधिकृत | -लेखा व्यवस्थापन, खरिद योजना लेखा प्रणाली | -प्रशिक्षक/सहजकर्ता |
| स्वास्थ्य अधिकृत | -स्वास्थ्य सम्बन्धि अहेव, अनमी, म.स्वा.स्य.से लाई जनस्वास्थ्य सम्बन्धी तालिम | -स्रोत व्यक्ति /सहजकर्ता |
| पशु स्वास्थ्य अधिकृत | -पशु स्वास्थ्य सम्बन्धी तालिम | -स्रोत व्यक्ति /सहजकर्ता |
| विद्यालय निरिक्षक | -विद्यालय व्यवस्थापन तथा सिकाई उपलब्धी सम्बन्धि | -स्रोत व्यक्ति /सहजकर्ता |
| स्थानीय शासन विज्ञ/ विश्व विद्यालयका विषय विज्ञहरु | -ऐन, नियम, कार्यविधि तथा निर्देशिका निर्माणमा सहजीकरण | -विज्ञको रुपमा कार्य सम्पादन |
| स्थानीय योजना तथा शासन विज्ञ/पुर्व स्थानीय विकास अधिकारी/पुर्ण प्रजिअ | -नगरपालिकाको आवधिक योजना, गुरुयोजना, विषय व्यवस्थापन योजना आदीमा सहजीकरण | -विज्ञ तथा सहजकर्ता कार्य सम्पादन |
| बरिष्ट इन्जिनियर (सिभिल, आर्किटेक) | -पूर्वाधार शाखाका प्राविधिक कर्मचारीहरुको लागि पेशागत क्षमता अभिबृद्धि तालिम | -विज्ञ तथा सहजकर्ता कार्य सम्पादन |
| GIS Expert | -भु उपयोग गुरुयोजना | -नगरपालिकाको भू-उपयोग गुरुयोजना निर्माणमा सहजीकरण |
| स्थानीय कानुन विद/पुर्व विशिष्ट श्रेणीका कर्मचारी | -नगरपालिकाको एने, नियम, निर्देशिका निर्माण | -ऐन, नियम तथा कार्यविधि निर्माणमा सहजीकरण तथा परामर्श सेवा |
| सुचना प्रणाली विज्ञ | -नगरपालिकाको सुचना प्रणाली/ संञ्जाल/ सफ्टवेयर/ EMIS प्रणालीमा सहजीकरण गर्न | -परामर्शदाता वा सहजकर्ताको रुपमा |
| शिक्षा शास्त्री/ पाठ्यक्रम विज्ञ/पुर्व सहसचिव शिक्षा | -विद्यालय सुधार योजना, स्थानीय पाठ्यक्रम निर्माण, विद्यालय व्यवस्थापन सीप, गुणस्तरीय शिक्षा | -प्रशिक्षक तथा परामर्शदाताको रुपमा सेवा प्रदान |
| **संघ /संस्था हरु** | **सहयोगका क्षेत्रहरु** | **सम्भावित भुमिका** |
| प्रदेश प्रशिक्षण प्रतिष्ठान, लुम्विनी, नेपालगञ्ज | -गाउपालिकाको आवधिक योजना/राजस्व सुधार योजना, जेसी नीति आवश्यक योजनाहरुको निर्माणमा प्रविधिक सहयोग<br>-सेवा प्रवेश तथा सेवाकालीन तालिम<br>-विषयगत शाखाको क्षमता विकास तालिम<br>-व्यवसायिक तालिम | - नगरपालिकाको विविध विषयमा आर्थिक प्राविधिक सहयोग |
| PLGSP | नगरपालिकाको क्षमता विकासका क्रियाकलापहरु प्राविधिक सहयोग<br>-स्थानीय शासनको सवलीकरणमा प्राविधिक सहयोग | -आर्थिक तथा प्राविधिक सहयोगी कार्यक्रमको रुपमा |
| जिल्ला समन्वय समिति | -नगरपालिकाको नियमन, अन्तर स्थानीय सरकारका वीचमा समन्वय तथा सहकार्य | -समन्वयात्मक भुमिका |
| प्रदेश सरकार | - प्रदेश र नगरपालिकाको वीचमा साझा अधिकार सम्बन्धमा कानुन, नियम निर्माण तथा सहजीकरण | -नगरपालिकाको विकास योजना तथा नीति निर्माणमा सहजीकरण |
| संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | - नमुना कानुन, आवश्यक परामर्श, प्राविधिक सहयोग, अनुदान सहयोग, विविध विषयमा मार्गदर्शन | -तालुकदार संघीय मन्त्रालयको रुपमा |
| कन्सलटेन्सीहरु | -नगरपालिकालाई आवश्यक प्राविधिक सहयोग | -परामर्शदाता संस्थाको रुपमा |
| INGOs/NGOs | -नगरपालिकाको दीर्घकाल विकास लक्ष्यको प्राप्तीमा विकास साझेदारको रुपमा कार्य | -नगरपालिकाको विकास साझेदार तथा प्राविधिक सहयोगी संस्था |

## ४.६ क्षमता विकास योजना कार्यान्वयन रणनीतिहरु

क्षमता विकास योजना निरन्तर चलिरहने प्रक्रिया हो। संस्थाको आवश्यकता तथा सेवा प्रवाहको अवस्थालाई मध्यनजर गरेर यसका रणनीति तथा कार्यनीतिहरु तय गर्नुपर्ने हुन्छ। यस नगरपालिकाको क्षमता विकास योजना कार्यान्वयनका लागि देहाय बमोजिमका मूल रणनीतिहरू अवलम्बन गरिनेछ :

- जनप्रतिनिधि, विषयगत समिति तथा उप-समितिहरुको स्थानीय शासन सञ्चालन सम्बन्धी ज्ञान सीप र दक्षता अभिबृद्धिमा जोड दिने।
- स्थानीय शासन प्रवर्द्धनका लागि कानुन र विधि विधानको पालनालाई सर्वपरी मानी कार्य सम्पादन गरिने।
- कार्य विवरणका आधारमा कार्य सम्पादन गर्ने प्रणालीलाई प्रवर्द्धन गरिनेछ। पद र क्षमता अनुसारको जिम्मेवारी सुम्पिने पद्धतिलाई बढावा दिइनेछ।
- कर्मचारी र जनप्रतिनिधिहरुका वीचमा समन्वय सहकार्य सदभाव श्रृजना हुने उत्प्रेरणात्मक कार्यहरुलाई प्रोत्साहन गरिने।
- दोहोरोपन हटाउने, स्रोत-साझेदारी गर्ने एवम् नगरपालिका भित्र उपलब्ध हुने सेवाहरूको गुणस्तरमा अभिवृद्धि गरिनेछ।
- गैससहरू, निजी सेवा प्रदायकहरू बीच नियमित सञ्चार, सम्पर्क, परामर्श/अन्तरक्रिया गरिनेछ।
- वित्तीय व्यवस्थापन, योजना तर्जुमा प्रक्रिया, कार्यान्वयन, समन्वय र अनुगमन तथा मूल्याङ्कन कार्यलाई प्रभावकारी बनाइनेछ।
- आवश्यक भौतिक सुविधा, सरसफाई तथा सूचना प्रविधिमा जोड दिइनेछ।
- कर्मचारीको कार्य शैलीमा सुधार तथा अन्तरसम्बन्धलाई सुदृढ गरिनेछ।
- नगरपालिकाको आन्तरिक स्रोतले सम्भव नहुने क्षमता विकास क्रियाकलापका लागि प्रादेशिक तथा स्थानीय शासन कार्यक्रम/संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, विकास साझेदार तथा गैरसरकारी संघसंस्था समक्ष अनुरोध गरीनेछ।
- नियमित प्रकृयाको रुपमा आन्तरिक एवम् बाह्य श्रोतबाट यथेष्ट बार्षिक बजेट विनियोजन गरी क्षमता विकासका क्रियाकलाप सञ्चालन/कार्यान्वयन गर्ने।
- कार्य योजना सहित कर्मचारीलाई योजना कार्यान्वयनको जिम्मेवारी दिने।
- सेवा प्रदायक र सेवाग्राहीको क्षमता अभिवृद्धि गरी सहकार्यबाट योजना कार्यान्वयन गर्ने।
- कार्य सम्पादनमा आउने अवसर र चुनौतीको समूचित व्यवस्थापन गर्ने।

## ४.७ क्षमता विकास समन्वय समितिको भूमिका

यस नगरपालिकाको क्षमता विकास योजना प्रक्रियाको नेतृत्व तथा क्षमता विकास योजनाको कार्यान्वयनमा सहजीकरण गर्नका लागि नगरपालिकामा एक पाँच सदस्यीय क्षमता विकास समन्वय समिति रहने छ। उक्त समितिको कार्य निम्नानुसार हुनेछ :

- संस्थागत तथा मानव संशाधन क्षमता विकास योजना तर्जुमामा नेतृत्वदायी भूमिका निर्वाह गर्ने।

- क्षमता विकास सम्बन्धी नीति तथा रणनीतिहरू तर्जुमा गरी कार्यपालिका मार्फत् सभाबाट पारित गराउने र कार्यान्वयनका लागि बजेटको सुनिश्चितता गर्ने ।
- क्षमता विकास योजनालाई वार्षिक रुपमा अद्यावधिक गर्ने गराउने ।
- क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गर्ने गराउने ।
- स्थानीय सरकारको क्षेत्रभित्र सञ्चालन हुने क्षमता विकासका कार्यक्रमहरू बीच समन्वय गर्ने गराउने ।
- समितिले सूचकमा आधारित भई क्षमता विकास कार्यक्रमको अनुगमन गर्ने ।
- कार्यक्रमको गुणस्तर सुनिश्चित गर्न नियमित रूपमा कार्यक्रमको अनुगमन र समिक्षा गर्ने ।
- क्षमता विकास सम्बन्धमा अन्य सहयोगी निकायहरू बीच समन्वय गर्ने ।
- क्षमता विकास सम्बन्धी अध्ययन, अन्वेषण गर्ने गराउने ।
- क्षमता विकास सम्बन्धी अन्य आवश्यक कार्यहरू गर्ने ।

## ४.८ क्षमता विकास योजना अनुगमन तथा मुल्याङ्कन

